छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक २२० • २०७९ साल पुस २० गते बुधबार (4 January, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

यौन दुराचारी जहाँ पनि हुन सक्छन्, त्यस्ता दुराचारीबाट सजग र सचेत रहों, आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

## एमाले संसदीय दलको आज नेता चयन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमालेले मधेश प्रदेशमा संसदीय दलको नेता बुधवार चयन गर्ने भएको छ। दलको नेतामा प्रमुख रुपमा युवा नेता सरोज कुमार यादव र राजकुमार लेखीले दाबी गरेका छन्। मधेश प्रदेश सभामा एमालेको सबै भन्दा बढी २३ सभासद छन्।१२ जना सांसद पक्षमा हुने सांसद दलको नेतामा चयन हुनेछन्।

एमाले निकट स्रोतहरुका अनुसार यादवलाई महासचिव शंकर पोखरेल र मन्त्री ज्वाला साहले समर्थन गरेका छन्।

मधेश प्रदेशको सह-इञ्चार्ज समेत रहेकी मन्त्री साहले यादवको पक्षमा समर्थन जुटाउन मंगलवारदेखि नै जनकपुरधाममा सक्रिय भएकी छन्। लेखीको पक्षमा मधेश प्रदेशका इञ्चार्जसमेत रहेका केन्द्रीय सचिव रघुवीर महासेठले लबिंग गरिरहेका छन्।लेखीको पक्षमा सचिव महासेठ खुलेर लागेकाले १५ जना सांसद हुनसक्ने अनुमान गरिएको छ।

तर महासचिव पोखरेलले भूमिका गरे यादवको पक्षमा १२ जना बढी सांसदहरु हुनसक्ने आकलन गरिएकोछ।चुनाव हुने अथवा सर्वसहमतिबाट निर्णय गरिने टुंगो बुधवार नै लाग्ने बताइएको छ।

### जसपा सरकारमा जान तयार

# सरकारको न्यूनतम साझा कार्यक्रममा एजेण्डा समावेश गर्न जोड

**टुडे समाचारदाता**

काठमाण्डु। जनता समाजवादी पार्टी(जसपा)को राजनीतिक समितिले सरकारमा सहभागी हुन सरकारको न्यूनतम साझा कार्यक्रममा एजेण्डा समावेश हुनुपर्ने निर्णय गरेको छ। न्यूनतम कार्यक्रममा जसपाको एजेण्डालाई समावेश गरिए सरकारमा सहभागी हुने निर्णय भएको सहभागी एकजना नेताले जनाए।

सम्मानजनक रुपमा शक्ति बाँडफाँट भए सरकारमा जाने निर्णय गरेको जसपाले त्यसो नभए सरकारलाई बाहिरबाट समर्थन गर्ने निर्णय गरेको छ। आमनिर्वाचन सम्पन्न भएपछि पहिलो पटक बसेको राजनीतिक समितिको बैठकमा अधिकांश सदस्यहरुले सरकारमा सहभागी हुनुपर्ने धारणा राखेको बताइएको छ।

सरकारमा जानुपर्ने पक्षमा अधिकांश सदस्यहरु देखिएपछि सम्मानजनक शक्ति बाँडफाँट र सरकारको नीति तथा कार्यक्रममा परिवर्तनका एजेण्डाहरु समावेश भए सरकारमा सहभागी हुने निर्णय गरेको छ। पार्टी प्रवक्ता मनिष कुमार सुमनले जसपाको मुद्दालाई सरकारले न्यूनतम साझा कार्यक्रममा समावेश गर्नुपर्ने निर्णय भएको बताए। बैठकमा अध्यक्ष उपेन्द्र यादवले मौखिक प्रस्तुत गरेको प्रतिनिधि र



प्रदेशसभा निर्वाचन सम्बन्धी प्रतिवेदनमा नेकपा एमालेसित गरिएको चुनावी तालमेल उपयुक्त रहे पनि पार्टीको आन्तरिक कारणले चुनावमा अपेक्षित नतिजा प्राप्त हुन नसकेको बताए।

उनले कुनै नेताको नाम नलिईकनै आफ्नो पराजयमा समेत पार्टीका नेताहरुको भूमिका रहेको आरोप लगाए। कतिपय क्षेत्रमा पार्टीका नेताहरु खुलेर विरोधीलाई सघाए भने कतिपय क्षेत्रमा आन्तरिक रुपमा नै पार्टीका नेता विरुद्ध सक्रिय भूमिका निर्वाह गरेको अध्यक्ष यादवको प्रतिवेदनमा उल्लेख छ।

उनले एमालेसितको तालमेलमा कुनै कमी नरहेको बताउँदै भने, तर आफ्नो पार्टी(जसपा)मा समन्वय नहुँदा चुनावको परिणाम पक्षमा आउन सकेन्। एमालेका नेता, कार्यकर्ताहरु एकजुट भएर लागेकै कारण उनीहरुले अपेक्षा भन्दा राम्रो नतिजा ल्याएको जनाउँदै उनले भने, हाम्रो सहयोगको एमालेले पूरा उपयोग गरे पनि हामी चुक्यौं।

संघीय परिषद्का अध्यक्ष अशोक राईले पनि एमालेसितको तालमेलले नै हालको नतिजा प्राप्त भएको दाबी गरे। उनले एमालेसित तालमेल नभएको भए चुनावमा अहिलेको भन्दा पनि खराब अवस्था हुने बताए। बैठकमा एमालेसितको तालमेललाई पक्षपोषण गर्ने विरुद्ध पनि सदस्यहरुले धारणा राखेका थिए। बैठकका सहभागीहरुले एमालेसित चुनावमा गरिएको तालमेलमा उनीहरुबाट धोका भएको बताए। कयौं क्षेत्रमा एमालेकै कारण चुनावको परिणाम विपरीत भएको उनीहरुले धारणा राखेको सहभागी एकजना सदस्यले जनाए।

चुनावमा सहयोग नगर्ने कार्यकारिणी सदस्य, राजनीतिक समिति सदस्य, केन्द्रीय सदस्यहरुलाई कारबाही गर्न बैठकमा सहभागीहरुले सुझाव दिए।

अनुशासन उल्लंघन गरेको भन्दै धनुषाबाट कार्यकारिणी सदस्य रहेका गजाधर यादवलाई पार्टीको बैठकमा बोलाउन छाडिएको छ। बैठकबारे यादवलाई पार्टीले सूचना दिन बन्द गरेको स्रोतले जनाए। जसपाले नेकपा एकीकृत समाजवादी पार्टीसित एकता गर्ने विषयमा छलफल चलिरहेको बेला राजनीतिक समितिको बैठकले राजेन्द्र श्रेष्ठको संयोजकत्वमा रकम चेम्जोंग र गोविन्द चौघरी सदस्य रहेको ३ सदस्यीय वार्ता समिति गठन गरेको प्रवक्ता सुमनले बताए।

उनले जनाए अनुसार माघ मसान्त भित्र पार्टीका निष्कृय संगठनहरूलाई क्रियाशील बनाउने र विगतमा सम्पन्न भएका निर्वाचनहरूमा पार्टीका आधिकारिक उम्मेदवार विरूद्ध उम्मेदवारी दिने, अन्तर्घात गर्नेलाई तत सम्बन्धित समितिहरूले विधान अनुसार कारबाही अधिकार दिने निर्णय बैठकले गरेको छ।

संघीय परिषद् र केन्द्रीय समितिका सदस्यहरूको हकमा जाँचबुझ/ छानविन गरी कारबाहीको प्रक्रिया अगाडि बढाउन शिवलाल थापा मगरको संयोजकत्वमा देव बहादुर दुर, बालकिशोर यादव, अशोक अग्रवाल र प्रमिला यादव सदस्य रहेका छन्। छानविन समितिले माघ मसान्त भित्र रिर्पोट दिने निर्णय गरिएको छ। त्यसैगरी,विधान अधिवेशनका लागि पार्टीको विधानको मस्यौदा गर्न विधान मस्यौदा समिति अध्यक्ष उपेन्द्र यादवको संयोजकत्वमा गठन गरिएको छ।

सो समितिको सदस्यहरुमा राजेन्द्र श्रेष्ठ, रकम चेम्जोंग, शुशिला श्रेष्ठ,शिवलाल थापा मगर,लालबाबु राउत, दीपेन्द्र झा, दीपक राई, पंचलाल महर्जन, वीरेन्द्र ठाकुर र भगवती सुवेदी रहेको प्रवक्ता सुमनले बताए।

## जसपामा चरम असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु। जसपाको राजनीतिक समितिको बैठकमा नेतृत्वप्रति चरम असन्तुष्टि देखिएको सहभागी एकजना नेताले जनाएका छन्।

संघीय परिषद अध्यक्ष रहेका सांसद अशोक राईलाई संसदीय दलको नेता किन नबनाएको भन्ने व्यापक आवाज उठेको थियो। दलको नेतामा रामसहाय यादव सर्वसम्मतिले चयन भएका छन्।तर राई नेता बन्ने चाहना राखेका थिए।दलको बैठकमा उनको पक्ष कमजोर देखिएपछि यादवलाई सर्वसम्मत नेता बनाइएको थियो। अध्यक्षको क्रियाकलापबाट राष्ट्रिय सभा सदस्य एवम् पूर्व मन्त्री मृगेन्द्रकुमार सिंह यादव, पार्टीमा प्रभावशाली नेतृ रेणु यादव लगायतका नेताहरु असन्तुष्ट देखिएका छन्।

बैठकमा उनीहरुको असन्तुष्टि देखिएको सहभागीहरुले जनाए।राई लगायत केही सांसदहरुले पार्टी विभाजन गरी अलग्गिन सक्ने सम्भावना देखिएको छ।






# दासको हत्यामा परिवाजनकै संलग्नता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसरनिया गाउँपालिका-३ का ४० वर्षीय धानुक दासको हत्यामा आफ्नै परिवारजनको संलग्नता देखिएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानमा दासको जेठी श्रीमति, उनको ज्वाँई र २० वर्षीय छोराको संलग्नता देखिएको हो।

सोमवार राति प्रहरीले किरिया बसेको छोरासहित तीन जनालाई पक्राउ पनि गरेको छ । उनको हत्यामा प्रहरी पेशामा रहेका ज्वाँईको पनि संलग्नता रहेको स्रोतको दावी छ । संघीय प्रहरी इकाई कार्यालय जनकपुरधाममा कार्यरत प्रहरी जवान मृतक दासका ज्वाँई हुन् । उनकै योजनामा सुटर लगाएर दासलाई गोली हान्न लगाइएको थियो। यद्यपि सुटर अहिले फरार छन्। उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे धनुषाका प्रहरी उपरीक्षक विश्व राज खड्काले अनुसन्धानको नजिक पुगिसकको बताएका छन् । बुधवार वा विहीबारसम्ममा घटनाको अनुसन्धान पूरा भइसक्ने उनले प्रष्ट पारे।

दश दिन अघि साँझको समयमा घरमै दुई जना व्यक्ति पुगेर उनको हत्या गरेर फरार भएको थियो। दास मोटर (पम्प) मर्मत गर्ने मिस्त्री थिए । केही दिनदेखि उनी घरमै ग्यासको पसल सञ्चालन गर्दै आएका थिए।

मोटर मर्मत गर्ने विषयमा सेवाग्राही बनेर कुराकानी गर्न गएको व्यक्तिले गोली प्रहार गरी फरार भएको स्थानीयवासीहरुले बताएका थिए। दासले दुईटा विवाह गरेका थिए । जेठी श्रीमतीबाट दुई छोरा पाएका छन्। उनको १८ र २० वर्षका दुई छोरा छन् । मृतक दास कान्छी श्रीमतीसँग बस्दै आएका थिए । कान्छी श्रीमतिबाट एउटी छोरी रहेकी छन्।

केही दिन यतादेखि जेठी श्रीमतीसंग उनको विवाद हुँदै आएको थियो । दुबै जनाको सम्बन्ध सम्पत्ति विवादको कारणले भइहेको प्रहरी अनुसन्धानमा देखिएको छ। अर्को विवाह गरेपछि सम्पत्ति बाँड्नु पर्ने विषयमा भएको विवाद नै उनको हत्याको कारण रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

# 'सिस्टम' मा खराबी आउँदा राहदानी वितरण अवरुद्ध

काठमाण्डु । राहदानी विभागको सिस्टममा समस्या आउँदा आवेदनको अवस्था हेर्ने र वितरण गर्ने कार्य अवरुद्ध भएको छ। सिस्टममा खराबी आएसँगै राहदानीसम्बन्धी सेवा वितरण रोकिएको राहदानी विभागले जनाएको छ। यो समस्या समाधानका लागि निरन्तर कार्य गरिरहेको र सिस्टम पूर्णरुपमा नियमित हुन केही समय लाग्ने विभागका निर्देशक दुरपदा सापकोटाले जानकारी दिनुभयो।

अर्को सूचना जारी नहुँदासम्म आजदेखि राहदानी लिन नआउन विभागले आग्रह गरेको छ। राहदानी सेवा अवरुद्ध भएपछि विभागले सेवाग्राहीसँग क्षमा मागेको छ। नियमित रुपमा रहदानी आवेदनका लागि 'एपोइन्टमेन्ट' मिति बुक गरेका सेवाग्राहीले तोकिएको मितिमा विभागमा उपस्थित हुन आग्रह गरेको छ।रासस

# चसोको कारण विद्यालयमा पठन-पाठन बन्द

**ओम प्रकाश यादव**

गरुडा । चिसो अत्याधिक बढेपछि रौतहटका विद्यालयमा पठनपाठन बन्द गरिएको छ । चिसोका कारण बालबालिकाहरु विरामी पर्न थालेपछि विद्यालय बन्द गरिएको हो । अत्याधिक चिसोका कारण रौतहटका केही स्थानीय तहका सामुदायिक विद्यालयहरु चार दिनको लागि बन्द गरिएको छ।

चिसोले बालबालिकाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भन्दै चिसोबाट उनीहरुलाई जोगाउन माधवनारायण, परोहा, राजदेवी, फतुवा विजयपुर, राजपुर लगायतका पालिकाहरुले नगरका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई पुस १९ गतेदेखि पुस २२ गतेसम्मका लागि विदा दिएको हो।

केही दिनयता चिसो र शीतलहर बढेपछि यही पुस २२ गतेसम्मका लागि विद्यालय बन्द गर्ने निर्णय गरिएको माधवनारायण, परोहा, राजदेवी, राजपुर र फतुवा विजयपुर नगरपालिकाले जारी गरेको सुचनामा उल्लेख छ । वर्षे बिदाबाट कट्टा हुने गरी चार दिनका लागि विद्यालय बन्द गर्ने निर्णय गरिएको फतुवा विजयपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु प्रसाद यादवले बताएका छन्।

मौसम विज्ञान विभागले अझै तिन चार दिनसम्म मौसम खराव रहने बताएपछि चिसोबाट बालबालिकालाई जोगाउन विद्यालय बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए।

तराईमा केही दिनयता चिसो बढ्सेंगै सर्वसाधारणको दैनिकी प्रभावित बनेको छ । तराई मधेशका क्षेत्रमा बाक्लो हुस्सु र कुहिरो लाग्दा बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका छन्।

तराई क्षेत्रमा अझै केही दिन हुस्सु तथा कुहिरो जारी रहने जल तथा मौसम विज्ञान विभागले समेत जनाइसकेको छ।

यसैबीच सरकारी विद्यालय बन्द गरिएपनि निजी विद्यालयहरु भने बन्द गरिएको छैन्। कठ्याँग्रिदो चिसोमा समेत निजी विद्यालयहरुले बालबालिकाको स्वास्थ्यसँग खेलवाड गरिरहेका छन्।

# चिसोले पूर्वी नवलपरासीको जनजीवन प्रभावित

कावासोती । पूर्वी नवलपरासीमा विगत केही दिनदेखि चिसो ह्वात्तै बढेको छ। बिहान बाक्लो हुस्सुसँगै दिनभरि कुहिरो लाग्न थालेको छ। दिनभरि घाम नलागेपछि बढ्दो चिसोका कारण जनजीवन प्रभावित बनेको छ।

कुहिरोसँगै चल्ने चिसो हावाले बिहान स्थानीयवासी घर बाहिर निस्कन समस्यामा परेका छन्। बजारमा चलहपहल कम भएको छ । वृद्धवृद्धा तथा बालबालिका सडकमा देखिँदैनन् । सधैँजसो भीडभाड हुने सरकारी कार्यालयमा पनि चिसोका कारण सेवाग्राही पातलिएका छन् । बिहानै खुल्ने पसल र बजार पनि ढिलो गरी खुलिरहेका कावासोतीका व्यवसायी नारायणपसाद भुर्तेलले बताउनुभयो।

साँझपख पनि चिसो झनै बढ्न थालेपछि बजार संसाँझै सुनसान हुन थालेका छन् । यद्यपि न्याना कपडाका पसलमा भने ग्राहकको भीड बढेको उहाँले जानकारी दिनुभयो । सडकपेटीमा कपडाको व्यापार बढेको देखिन्छ उहाँका अनुसार स्थानीयवासीले न्याना लुगा जोहो गर्न थालेका छन् । बाक्लो हुस्सु र शीतका कारण पूर्व-पश्चिम राजमार्गमा यातायात सञ्चालन पनि प्रभावित भएको छ। कठ्याङ्ग्रिंदो चिसोसँगै बाक्लो हुस्सु लाग्दा सवारीसाधनको आवागमनमा असर परेको हो। बाक्लो हुस्सुले गर्दा बिहान १० मिटरभन्दा पर देख्न नसकिँने नारायाणघाट-कावासोती रुटमा चल्ने बसका चालक मनोज महतोले बताउनुभयो। यसले गर्दा दुर्घटनाको जोखिम बढेको उहाँको भनाइ छ।

चिसोकै कारण जिल्लामा बिरामीसमेत बढेका छन् । चिसोसँगै दम, निमोनिया, रुघाखोकी, ज्वरोलगायत रोगका बिरामी बढेका हुन् । एकाएक बढेको चिसोसँगै बिरामीको सङ्ख्या ह्वात्तै बढेको मध्यविन्दु जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेट डा जितेन्द्र कँडेलले बताउनुभयो । बालबालिका, वृद्धवृद्धा, मुटु, मिर्गौला, मधुमेह तथा अन्य दीर्घरोगी चिसोले थप जोखिममा भएकाले यो मौसममा उनीहरूले विशेष ख्याल पुर्याउनुपर्ने उहाँको सुझाव छ।

बढ्दो चिसोका कारण खेतीबालीमा समेत असर पर्न थालेपछि कृषकहरू चिन्तित भएका छन् । खेतबारीमा लगाएका मुसुरो, खेसारी, आलस, रहरलगायत दलहन र तेलहन बाली र काउली, गोलभैँडा, मटरलगायत तरकारी बाली प्रत्यक्षरूपमा चिसोबाट प्रभावित भएको कावासोती-११ का किसान हाँसीराम महतो बताउनुभयो।

अ ा ल ु , गोलभैँडाको खेती पछिल्ला दशकमा व्यवसायिकरूपमा भइरहे पनि बर्सेनि चिसोको प्रकोपबाट यी बाली जोगाउन किसानलाई मुस्किल हुने गरेको छ। यो रोगबाट जोगाउन कतिपय किसानले 'टनेल' (पारदर्शी प्लास्टिको छानासहितको टहरो) बनाएर त्यसमुनि गोलभैँडालगायत तरकारी बालीको खेती गर्ने गरेका पनि छन्।रासस

# बिहानैदेखि लामबद्ध यातायातका सेवाग्राहीको आक्रोश



भक्तपुर । बिहानको ६ बजेको चिसो तुसारो । जाडोले थरथर कमाउने शरीर । दुईघरको चेपुवामा रहेको साँघुरो गल्लीमा लामबद्ध सेवाग्राही । अगाडि कालोपत्र सडकमा दायाँबायाँ सवारी साधनको पार्किङ । त्यही सडकमा सेवाग्राहीको अर्को।

मध्यपुरथिमि नगरपालिका-७ राधेराधेस्थित यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) भक्तपुरमा सेवा लिन आज बिहान ६ बजेदेखि लामबद्ध सेवाग्राहीको अवस्थाको दृश्य हो, यो । यस्तो दृश्य आज बिहानको मात्रै होइन, यातायात कार्यालयमा सवारी चालक अनुमति पत्रका विभिन्न सेवा लिन आउने सेवाग्राहीको दैनिक देखिने दृश्य हो।

पुसको कठाग्रिदो जाडोको पर्वाहनगरी काठमाडौं उपत्यकादेखि सिन्धुपाल्चोकसम्मका सेवाग्राही दिनरात नै माया मारेर नयाँ सवारी चालक अनुमति पत्र, नवीकरण, लिखित परीक्षा, प्रतिलिपी, स्वास्थ्य परीक्षणलगायत सेवा दिने यस कार्यालयमा सधैँ हुने सेवाग्राहीको भीड कोलाहालले यहाँका स्थानीयवासीसमेत दिक्क भएका छन्।

बागमती प्रदेशका १३ जिल्लाका सेवाग्राहीले सेवा लिने यस कार्यालयमा लिखित परीक्षाका दिन जाडोको पर्वाह नगरी बिहान ५ बजेदेखि नै सेवाग्राही लाइनमा बस्ने गरेका छन् । बिहान ६ बजे सेवा लिन लाइनमा बस्नु भएकी सिन्धुलीकी रुपा खड्काले दुई दिनदेखि लाइन बसेर पनि सेवा नपाएको गुनासो गर्नुभयो । उहाँले हिजो पनि १२ बजे सर्भर डाउन भएको सूचना निकालेर सेवाग्राहीलाई फर्काएको र आज पनि बिहानैदेखि लाइन बसे पनि फेरि सर्भरमा समस्या आयो भनेर सेवा प्रवाह नै रोकेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यस्तो चिसोमा बिहानैदेखि लाइन बसेका छौँ, यस्तो साँघुरो ठाउँमा कार्यालय राखेको छ, त्यो पनि दिनभरी लाइन बस्दा पनि सेवा पाइदैन । एउटै सेवा लिन चार ठाउँमा लाइन बस्नुपर्छ, एकै दिनमा सबै सेवा लिन सकिन्न, यहाँ आफन्तको घरमा आएर बसेको छु, सरकारले कहिले दिन्छ सहज सेवा ?'

खड्काको यो प्रतिनिधि प्रश्न मात्रै हो । यातायात कार्यालयमा सेवा लिन आउने सेवाग्राहीका सकस यहाँ भोग्नेलाई मात्रै थाहा हुन्छ । स्थानीय व्यापारी सनोजकुमार श्रेष्ठले बिहान ५ बजेदेखि सेवाग्राही लाइनमा बसेर सेवा नपाएको देख्दा अचम्म लाग्ने गरेको बताउनुभयो।

'बिहान कार्यालय खुलेपछि हुने भीडभाड, बिचौलियाको चलखेल, लाइनमा बस्नेको पीडा, एउटै व्यक्ति कोठा कोठा धाएको हामी दैनिक देख्नेलाई त दिक्क लाग्न भने भोग्ने सेवाग्राहीलाई कस्तो हुँदो हो।', उहाँले भन्नुभयो, "हामी कस्तो राज्यका नागरिक हौं, पैसा तिरेर सेवा लिन पनि सधैँ सकस।' कार्यालय अगाडि दैनिक हुने होहल्लाले स्थानीयवासी पनि आजित भएको बताउनु हुन्छ, उहाँ।

बिहानैदेखि लामो लाइनमा बसेका सयौँ सेवाग्राहीले सेवा नपाएर बिचल्लीमा परेपछि सेवाग्राहीले कार्यालय अगाडि नै नाराबाजी गरेका छन्। अनलाइन फाराम भरेर आजका लागि बोलाइएका सेवाग्राही बिहानैदेखि लाइन बसेर फर्किन बाध्य भएपछि बिरोध गर्दै नाराबाजी गरेका हुन्।

सेवा लिन काभ्रेपलाञ्चोक पनौती नगरपालिका-५ देखि बिहान ७ बजे लाइनमा बस्नुभएकी कविता केसीले यातायात कार्यालयले दिने सास्तीप्रति आक्रोश व्यक्त गर्दै भन्नुभयो,"यस्तो चिसोमा बिहान सात बजेदेखि नै लाइनमा बसियो, म भन्दा अगाडि ६ बजेदेखि नै लाइनमा बस्ने ५० जना जति थिए, १० बजेदेखि सेवा प्रवाह गर्नुपर्ने हुन्छ, तर सेवा अवरुद्ध हुँदा पनि एकछिनमा हुन्छ भनेर पर्खाइयो, दिन सकिए पछि सर्भर डाउन भो भनेर सूचना पो टाँस्छ, अनि कति पीडा हुन्छ हामीलाई, हाम्रो दिन यत्तिकै खेर गएन ?'

सेवा लिन काभ्रेका बनेपादेखि आउनुभएका राजेश श्रेष्ठले उस्तै गुनासो गर्नुभयो । बिहान ६:३० बजेदेखि लाइनमा बसे पनि कार्यालयले सेवा नदिएको भन्दै सेवाग्राहीले नाराबाजी गर्नुपरेको बताउनुभयो । कार्यालयले हिजो सोमबार पनि बिहानैदेखि लामबद्ध सेवाग्राहीलाई सर्भर चलेन भन्दै फर्काएको थियो भने आज पनि सर्भर डाउन भो भनेपछि सेवालिन आएका सेवाग्राही निकै मर्कामा परेका हुन्।

कार्यालयले सूचना जारी गर्दै भनेको छ, "प्रविधिमा आएको खराबीका कारण कार्यालयबाट प्राप्त हुने सम्पूर्ण सेवा आजका लागि सञ्चालन नहुने भएकाले आज दिएको सेवा लिन आउँदो २१ गते बिहीबारका लागि सारिएको जानकारी गराउँछौँ।' कार्यालयका प्रमुख शिवकुमार निरौलाले सर्भरमा समस्या आएर सेवा प्रभावित भएपछि सेवाग्राहीले हुलदङ्गा गरेको बताउनुभयो । उहाँले सेवाग्राहीले नाराबाजी गर्दै हुलदङ्गा गर्न थालेपछि बिहीबारका लागि आउन सूचना जारी गरेको बताउनुभयो। उहाँले यो समस्या भक्तपुरमा मात्र नभई सबैतिर भएको बताउनुभयो । कार्यालयले नयाँ सवारी चालक अनुमति पत्र, परीक्षा, नविकरणलगायतका विभिन्न सेवाका लागि दैनिक एक हजार पाँच सय जनालाई सेवा दिँदै आएको प्रमुख निरौलाले बताउनुभयो।

सर्भर डाउन हुँदा हिजो र आज यातायात व्यवस्था कार्यालय भक्तपुर, सानोभऱ्याङ, सुकेधारा, गुर्जुधारालगायत देशभरका विभिन्न कार्यालयमा सेवा प्रभावित भएको छ। यातायात व्यवस्था कार्यालयमा हरेक दिन बिहानै ६ बजेदेखि नै सेवाग्राहीहरु लाइनमा बस्ने गरेका छन् भने कार्यालय समयसम्म नै सेवाग्राहीको भीड लाग्ने गरेको छ।रासस

# बालबालिकाको भुल्ने र खेल्ने साधन नै 'मोबाइल'



टीकापुर । कैलालीको भजनीका करन विकका छोरा कक्षा ९ मा पढ्नुहुन्छ । उहाँका छोरा आजभोलि किताबभन्दा बढी समय मोबाइलमा भुल्न थालेपछि करनलाई तनाव हुन थालेको छ। छोराले मोबाइलमा विभिन्न एपहरू चलाउने, विभिन्न खेलमा रमाउने गर्न थाल्दा बच्चाको पढाइ बिग्रिएको छ।

उहाँले भन्नुभयो "छोराले मोबाइल बढी चलाउने र किताब कम पढ्ने गर्न थालेको छ। कोरोना महामारीका बेला अनलाइनमा पढ्थ्यो, पछि लत लागेछ। आजभोलि बच्चालाई मोबाइलमा खेल्ने बानी बसेको छ। उसले किताब छुनै मान्दैन, घर बाहिर साथीहरूसँग पनि खेल्दैन।"

ब ा ल ब ा ल क ा क ा मोबाइलप्रतिको लत देखेर अभिभावक चितिन्त बन्न थालेका छन् । करनजस्तै हरि चौधरीलाई पनि यस्तै तनाव छ। हरिका १३ वर्षीय छोरा पनि मोबाइलमा बढी भुल्न थालेका छन्। "मेरो बच्चाको भुल्ने र खेल्ने साधन नै मोबाइल बनेको छ। पहिला फुर्सद हुनेबित्तिकै साथीसँग खेल्न जान्थ्यो", उहाँले भन्नुभयो, "आजभोलि स्कुलबाट आउनेबित्तिकै मोबाइल खोज्छ । घरभित्र एक्लै मोबाइलमा व्यस्त हुन्छ।"

पछिल्लो समय बालबालिका मोबाइलप्रति बढी नै आकर्षित हुन थालेपछि अभिभावक चिन्तित हुन थालेका छन् । बालबालिकालाई खुसी राख्न मोबाइल दिएका अभिभावक अहिले पछुताउन थालेका छन् । मोबाइलको गलत प्रयोग हुँदा अभिभावकलाई समस्या हुन थालेको छ । बढ्दो आधुनिकतासँगै बालबालिकामा मोबाइलको प्रयोगले अभिभावक चिन्तित बन्दै छन्। पछिल्लो समय बालबालिकाको खेलौना र साथी नै मोबाइल बन्न थालेको छ। कतिपय अवस्थामा बालबालिकालाई खाना खुवाउँदा पनि मोबाइल चाहिने अभिभावकको गुनासो छ। "आफू काममा व्यस्त रहँदा बच्चालाई मोबाइल दिएर भुलाएँ, आजभोलि खाना खाँदा पनि मोबाइल चाहिन्छ", टीकापुरकी बन्दना धामीले भन्नुभयो, "बच्चाको क्रियाकलाप देखेर अहिले त चिन्ता बढेको छ। बच्चा मोबाइलबिना केही गर्न मान्दैन।"

जानकी गाउँपालिकाकी जानकी न्यौपाने आफ्ना बच्चामात्र होइन, छिमेकीका बच्चा देखेर पनि आफू पीडामा रहेको बताउनुहुन्छ । "विगतमा घर नजिकैको चौरमा स्कुलपछि बालबालिका फुटबललगायतका विभिन्न खेल खेल्थे, आजभोलि चौर खाली हुन्छ", उहाँले भन्नुभयो, "अचेल घरघरमा बालबालिका मोबाइल, टेलिभिजनमा भुलेका हुन्छन्, बालबालिका विद्यालय जान्छन्, विद्यालयबाट फर्केपछि कोठाभित्रै विभिन्न प्रविधि चलाएर बस्छन्।"

अभिभावकहरू बालबालिका घरभित्रै बस्दा सामाजिक हुन नसक्ने चिन्ता व्यक्त गर्छन् । बालबालिकामा मोबाइलप्रतिको आकर्षण बढ्दै जानुमा अभिभावक नै जिम्मेवार भएको एक मनोसामाजिक परामर्शकर्ता धनराज विकको भनाइ छ । अभिभावककै कमजोरीका कारण उनीहरूमा भोलिका दिनमा विकराल समस्या आउन सक्ने उहाँ बताउनुहुन्छ । "बालबालिकालाई अभिभावकले समय दिएकै छैनन्, अभिभावक काममा व्यस्त रहने, बालबालिकाको हातमा मोबाइल दिने गलत कार्य हो", उहाँ भन्नुहुन्छ, "बालबालिकालाई घुम्न लैजाने, आफूसँगै विभिन्न खेल खेलाउने, घरको काम सिकाउने काम अभिभावकको हो। अभिभावकलाई समय छैन । अनि बालबालिका मोबाइलमा भुल्छन्।"

मोबाइल चलाउनु नराम्रो होइन। मोबाइल, कम्प्युटर चलाएर, टेलिभिजन हेरेर ज्ञान लिन सके राम्रै हुन्छ । मोबाइल तथा सामाजिक सञ्जालबाट सही सूचना र सही ज्ञान लिएमा जीवनमा काम लाग्छ तर यसलाई लतका रूपमा प्रयोग गरेमा बेफाइदा हुनेमा सचेत हुन आवश्यक छ।

बालक रुनेबित्तिकै उसलाई फकाउन मोबाइल दिनुको साटो उनीहरूलाई विभिन्न आकर्षक चित्र देखाएर र उनीहरूसँगै खेलेर अनि समय दिएर यस्तो प्रवृत्तिलाई न्यूनीकरण गर्न सकिने टीकापुर नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थीको सुझाव छ । रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**दलितको घर** : जनकपुरधाम -२४ बसहिया स्थित दलित बस्ती *तस्विर : टुडे*

# सेवाग्राही समस्यामा

**टुडे समाचारदाता**

जलेश्वर । जलेश्वर स्थित नेपाल विद्युत् प्राधिकरण जलेश्वर शाखा विरतण केन्द्रको विद्युत् महसुल सङ्कलन 'काउन्टर' बन्द हुँदा सेवाग्राही समस्यामा परेका छन् ।

शाखाको एम पावर विलिङ सिस्टमको सर्भरमा समस्या आएपछि गत महिनादेखि केन्द्रबाट हुने गरेको सम्पूर्ण आय सङ्कलन काउन्टर भएको जनाइएको छ । शाखा प्रमुख वीरेन्द्र झाले वितरण केन्द्रको सबै सेवा पूर्ववत नै सञ्चालनको तयारी भएको जानकारी दिए ।



काउन्टर बन्द हुँदा यस केन्द्र मातहतमा रहेका ३५ हजार मिटर तथा तिनका ग्राहकले विद्युत् महसुल बुझाउन नपाएर हैरानी व्यहोरिरहेका छन् ।

मासिकरूपमा विद्युत् महसुल बुझाउन केन्द्रमा आउने गरेका सेवाग्राही बिल नै नबुझाइ फर्किएको छ भने विद्युत् महसुल बुझाउन चाहने सेवाग्राहीलाई केन्द्रका कर्मचारीले गत वैशाख महिनादेखिकै बिल लिएर आएपछि मात्रै नयाँ बिल बुझ्ने जनाउँदै फर्काउने गरेका छन् ।

जलेश्वर नगरपालिका वडा नं २ का सेवाग्राही दीपक गुप्ताले केन्द्रको सर्भरमा समस्या आउँदा विद्युत महसुल बुझाउन नपाएको गुनासो गरे । जलेश्वर-२ का शिवचन्द्र चौधरीले केन्द्रमा अहिले दैनिक महसुल बुझाउनेको भीड लाग्ने, दैनिक प्रहरी र सेवाग्राही, कर्मचारी तथा सेवाग्राहीको बीचमा भनाभन र गालीगलौजसमेत हुने गरेको छ ।

केन्द्रमा दैनिक हुने विभिन्न हो-हल्लाले गर्दा यस वितरण केन्द्रबाट हुने नयाँ मिटर वितरण, मिटरमा देखिएका समस्या समाधान, उपकरण जडानलगायतका कामकाज हुन नपाउँदा सेवाग्राही थप समस्यामा परेका छन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले समस्या समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

# अशक्त र अपाङ्गतालाई घरमै नागरिकता पुऱ्याउँदा सबै परिवार खुशी

भक्तपुर । भक्तपुर मध्यपुरथिमि-४ की १९ वर्षीया सुप्रिना श्रेष्ठले घरमै नागरिकता पाउनुभयो । भक्तपुर जिल्ला प्रशासनको टोलीले घरैमा नागरिकता लगिदिएपछि उहाँमात्र नभई सबै परिवार निकै खुसी हुनुभयो ।



शारीरिक रुपमा अशक्त श्रेष्ठले स्थानीय तहको सिफारिस, जनप्रतिनिधिको सहयोग तथा सबै प्रशासनिक प्रक्रिया पूरा भएपछि घरमै नागरिकता पाउँदा औधी खुसी भएको बताउनुभयो । श्रेष्ठ मात्रै होइन उहाँको सिङ्गो परिवार नै खुसी भएको छ ।

नागरिकता देखाउँदै श्रेष्ठले भन्नुभयो "नागरिकता लिन जिल्ला प्रशासन कार्यालयसम्म पुग्नु र लाइनमा बस्नु पनि परेन, घरमै नागरिकताको प्रमाणपत्र ल्याइदिनुभयो, नागरिकता भएपछि अब पूर्ण अपाङ्गता भत्ता लिन सक्ने भएकी छु, म निकै खुसी छु ।"

सुप्रिनाकी आमा सुशीला श्रेष्ठले छोरीले नागरिकता पाउँदा निकै खुसी लागेको बताउनुभयो । "छोरी हिँडडुल गर्न सक्दिन, नागरिकता कसरी पाउली भन्ने चिन्ता थियो", उहाँले भन्नुभयो, "तर सिडिओ साब नै घरैमा आएर नागरिकता दिँदा निकै खुसी लागेको छ ।" अपाङ्ग हुँदाको पीडा भोग्ने हामीलाई नागरिकता वितरणले औषधिको काम गरेको उहाँले सुनाउनुभयो ।

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्य अनुरुप प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा नेतृत्वको टोलीले उक्त सेवा सुरु गरेपछि श्रेष्ठले विना कुनै झन्झट नागरिकता पाउनुभएको हो । सरकारी काम भन्ने वित्तिकै समयमै काम नहुने, लामो लाइन लाग्नुपर्ने झण्झटिलो हुन्छ भन्ने मानसिकतालाई चिर्दै शर्माले सेवा प्रवाहलाई चुस्त बनाउन उक्त अभियान सुरु गर्नुभएको हो ।

कार्यालयको उक्त प्रयासले हिँडडुल गर्न नसक्ने अशक्त, अपाङ्गता भएका नागरिकलाई सहज भएको छ । नागरिकताको प्रमाणपत्र नागरिक हुनुको पनि प्रमाण भएकाले यसको प्राप्तिपछि पासपोर्ट बनाउनेदेखि व्यापार व्यवसाय गर्नका लागि सहज भएको छ । "आम नागरिकले सरकारी कार्यालयबाट लिने महत्वपूर्ण सेवामध्ये नागरिकता पनि एक हो", प्रजिअ शर्माले भन्नुभयो, "यस्ता सेवा नागरिकलाई घरमै दिन सकियो भने सरकारको महत्व अझै बढ्छ ।" सेवाप्रदायक कार्यालयसम्म पुग्न नसक्ने नागरिकका लागि घरमै पुगेर नागरिकता वितरण सुरु भइसकेको न्दै उहाँले आफूले जनप्रतिनिधिसँग यसबारे जानकारी गराउन र त्यस्ता नागरिक भए सूचना दिन र समन्वय गरिदिन आग्रह गरेको बताउनुभयो । उहाँले सूचना प्राप्त भएपछि त्यस्ता व्यक्तिहरुको हक र अधिकार सुनिश्चितताका लागि घरमै पुगेर सेवा प्रवाह गर्ने बताउनुभयो ।

केहीवर्ष अघिसम्म स्थानीय तहमा घुम्ती सेवामार्फत् त्यस्ता नागरिकले नागरिकता लिए पनि हाल घुम्ती सेवा बन्द छ । त्यसैले नागरिकको हकलाई शतप्रतिशत उपलब्धिमा पुऱ्याउन र सरकार भएको महसुस गराउन यो सेवा सुरु गरिएको उहाँको भनाइ छ । "घरमै पुगेर नागरिकताको प्रमाणपत्र वितरण गर्दा व्यक्ति र परिवारमा राज्यप्रति सकारात्मक भावना उत्पन्न हुने गरेको हामीले पाएका छौँ", प्रजिअ शर्माले भन्नुभयो, "कतिपय अशक्त अपाङ्गतालाई नागरिकता लिन कार्यालयमै ल्याइएको देख्दा दुःख लाग्छ ।"

यसअघि पनि प्रजिअ शर्माले अशक्त अपाङ्गता र ज्येष्ठ नागरिकलाई घरघरमै गएर नागकिता वितरण गर्नुभएको थियो । यसअघि सूर्यविनायक नगरपालिका-४ दधिकोटस्थित चरखण्डीका ९१ वर्षीय ज्येष्ठ नागरिक सूर्यबहादुर खड्कालाई घरमै पुगेर नागरिकता वितरण गरिएको उहाँले बताउनुभयो । नागरिकता पाउने खड्कासँगै परिवार निकै खुसी भएको प्रजिअ शर्माले सुनाउनुभयो ।सूर्यविनायक नगरपालिका-१ सिरुटारकी अशक्त अपाङ्गता अनुपमा मिश्रलाई पनि घरमै पुगेर नागरिकताको प्रमाणपत्र दिइएको थियो । पछिल्लो पाँच वर्षदेखि आँखाको ज्योति गुमेको र शरीरको कम्मरमुनीको भाग नचल्ने र नियमित अक्सिजन लिइरहनुपर्ने अवस्थाकि मिश्रलाई घरमै नागरिकता दिइएको थियो ।

प्रजिअ शर्माले अशक्त, अपाङ्गता र कार्यालयसम्म आउन नसक्ने ज्येष्ठ नागरिकलाई घरमै गएर नागरिकता वितरणको काम जारी रहने बताउनुभयो । प्रजिअ शर्मासँगै सहायक प्रजिअ माधवप्रसाद शर्मा र प्रमुख प्रशासकीय अधिकृत उर्मिला खतिवडा घिमिरेलगायत नागरिकता फाँटका कर्मचारीको टोली घरमै पुगेर जनप्रतिनिधिसमेत सहभागितामा नागरिकता वितरण गर्दै आउनुभएको छ ।


मध्यपुरथिमिकाे श्रेष्ठलाई नागरिकता वितरणपछि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले सिडिओको कदम प्रशंसायोग्य रहेको भन्दै नगरपालिकाले दिने महत्वपूर्ण सेवा पनि यसैगरी घरदैलोमै प्रवाह गर्ने व्यवस्था मिलाउने बताउनुभयो ।

शर्मा यसअघि गुल्मीमा प्रजिअ हुँदा पनि ुसिकोट नगरपालिका-१ की ६६ वर्षीया झगि विकलाई घरमै गएर नागरिकता वितरण गर्नुभएको थियो । दुर्घटनामा घाइते भएका एक बालकको लुम्बिनी मेडिकल कलेजमा उपचारका लागि आफ्नो अग्रसरतामा बालकको परिवारलाई रु एक लाख १२ हजार एक सय ४० जुटाइ उद्धार गरेको उहाँ स्मरण गर्नुहुन्छ ।

गुल्मी इस्मा गाउँपालिका-४ दोहलीमा घरमा चट्याङ लागेर मृत्यु भएका ११ वर्षीय बालक र अन्य तीन जनाको परिवारलाई उपचारको व्यवस्था गर्नुका साथै मृतक परिवारलाई रु दुई लाख उपलब्ध गराउनु भएको थियो ।रासस

# 'भ्यूटावर एक वर्षमा सञ्चालन हुन्छ'

काठमाण्डु । काठमाण्डु महानगरपालिकाको पुरानो बसपार्कमा निर्माणाधीन काठमाण्डु भ्यूटावर एक वर्षपछि सञ्चालनमा आउने भएको छ । जलेश्वर स्वच्छन्द विकोइ विल्डर्स कम्पनीका प्राविधिक सल्लहाकार एवं इञ्जीनियर विमल रिजालले महानगरको सहयोगमा एक वर्षदेखि धेरैमा डेढ वर्षभित्र भ्यूटावर निर्माण सम्पन्न भई सञ्चालन हुने जानकारी दिनुभयो ।



विसं २०७१ मा महानगरपालिकासँग सार्वजनिक-निजीसाझेदारीकोसम्झौताअनुसार २०७५ फागुनभित्र कम्पनीले भ्यूटावरको निर्माण सम्पन्न गर्नपर्ने थियो । तोकिएको अवधि सकिएको चार वर्ष पुगेको छ । तर कम्पनीले भने निर्माण सम्पन्न हुन अझै थप साढे एक वर्षसम्म लाग्ने जनाएको हो ।

उहाँले भन्नुभयो, "संरचनाको अधिकांश आधारभूत काम सकिँदैछ । अब सुपर स्ट्रक्चर (बाहिर देखिने स्वरुप) बाँकी छ । महानगरको सहयोग पाए एकदेखि डेढ वर्षभित्र भ्यूटावर सञ्चालनमा ल्याउँछौँ ।" भ्यूटावरको दुई तलाको बेसमेन्ट र त्यसमाथि नौ तलाको संरचना बनिसकेको छ । उहाँका अनुसार जमिनमुनिको सबै काम सम्पन्न भएको हो ।

सम्झौताबमोजिम पाँच वर्षभित्र निर्माण सम्पन्न नगर्नु आफूहरूको कमजोरी भएको कम्पनीले स्वीकार्दै आएको छ । "ढिला भएको स्वीकार गर्छौ'। तर अहिले काम निरन्तर भइरहेको छ", उहाँको भनाइ छ ।

डेढ वर्षभित्र काठमाडौँ भ्यूटावर सञ्चालनमा ल्याउने सङ्कल्प गरिरहेकोकम्पनीकोप्राथमिकतामा व्यावसायिक भवन परेको छ । अर्कातर्फ, काठमाडौँ महानगरले सुरुमा बस टर्मिनल बन्नुपर्ने बताउँदै आएको छ । महानगरका सहप्रवक्ता एवं सार्वजनिक- निजी साझेदारी एकाइ (पिपीपी एकाइ) निर्देशक महेशकुमार काफ्लेले भन्नुभयो, "अहिले पिक एण्ड ड्रप मात्र दिइएको छ । यसलाई व्यवस्थित बनाउन बस टर्मिनलको आवश्यकता छ ।"

उहाँले पुरानो बसपार्कमा भ्यूटावरसँगै सिटीबस टर्मिनल बनाउने योजना पहिल्यैदेखिको प्राथमिकता भएको बताउनुभयो । "निर्माण कम्पनीसँग टर्मिनल निर्माणलाई प्राथमिकता दिन समन्वय भइरहेको छ । उहाँहरूलाई हामीले व्यावसायिक भवन बनाइरहँदा एक तला नै सही टर्मिनलको व्यवस्था गर्न भनिरहेका छौँ ।"

बस टर्मिनलबारे इञ्जीनियर रिजाल भन्नुहुन्छ, "टर्मिनल त बनाउने नै हो । पार्किङको सुविधा हदसम्म दिने हो । कम्पनीले पनि त आफ्नो नाफाका लागि काम गर्ने हो । अहिले भवन संरचना निर्माण हुँदैछ । टर्मिलन बनाउने काम भवन निर्माणपछि सुरु हुन्छ ।"

**ढिलासुस्ती गर्नेलाई सहयोग कि कारबाही**

अहिलेसम्म भ्यूटावर संरचना निर्माण कम्पनीले रु चार अर्ब खर्च भइसकेको जनाएको छ । निर्माण सम्पन्न हुँदासम्म थप रु चार अर्ब खर्च हुने उसको आकलन छ ।

कम्पनीले वार्षिक ९८ लाख कर तिर्दै आएको छ । सम्झौताको अवधि सकिएको चार वर्ष पुग्न दुई महिना बाँकी हुँदा कम्पनीलाई कारबाही गर्ने वा सहयोग भन्ने छलफल भइरहेको सहप्रवक्ता काफ्लेले जानकारी दिनुभयो ।

कारबाहीमा जान पनि कतिपय शर्त महानगर स्वयंले पालना गर्न सकेको छैन । पिपीपी एकाइमा काम गरिसक्नुभएका निर्देशक धुव्र काफ्लेका अनुसार स्वतन्त्र इञ्जीनियर समूह गठन नहुँदा कामको मूल्याङ्कन गर्न कठिनाइ भएको हो ।

काफ्लेले भन्नुभयो, "पाँच वर्षमा सम्झौताअनुसार काम सम्पन्न भएन । तर संरचना निर्माणको आधारभूत काम पाँच वर्षभित्रै सम्पन्न भएको छ वा छैन ? यसको अनुगमन र परीक्षण गर्ने स्वतन्त्र इञ्जीनियर समूह गठनको आवश्यकता हुन्छ", सहप्रवक्ता काफ्लेले चाँडै समूहको गठन गर्ने बताउनुभयो ।

पिपीपी एकाइमा काम गरिसक्नुभएका अर्का निर्देशक नूरनिधि न्यौपानेले कम्पनीलाई क्षतिपूर्ति तिराउनेभन्दा साझेदारीमा काम छिटो सक्नु बुद्धिमानी हुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "ढिलासुस्तीको क्षतिपूर्ति कम्पनीलाई तिराउन सकिन्छ । तर साझेदारका रूपमा महानगरको पनि उत्तरदायित्व छ । उसलाई आवश्यक प्राविधिक परामर्श र निर्माणको अवधि थप गर्न पनि सकिन्छ । यसका लागि महानगरले विज्ञहरूसँग छलफल गरिरहेको छ ।"

**निर्माण कम्पनीको गुनासो**

जलेश्वर स्वच्छन्द विकोइ विल्डर्स कम्पनीका सञ्चालक मनोज भेटवाल बैंकिङ कसुर मुद्दामा पक्राउसमेत पर्नुभयो।तरसञ्चालककोविवादले निर्माणमा प्रभाव नपरेको इञ्जीनियर रिजालको भनाइ छ ।

"ढिला भएको स्वीकार गर्छौं, तर यी वर्षमा काम नै नभएको होइन", उहाँले भन्नुभयो, "भूकम्प र कोभिड-१९ले निर्माण प्रभावित भयो । अर्को मुख्य कारण महानगरको सहयोग कम्पनीले पाएन ।"

महानगरपालिकाको सहयोगबिना एकतर्फी काम गरिरहेको कम्पनीका सञ्चालक मनोज भेटवाल बताउनुहुन्छ । उहाँले भ्यूटावरका लागि १२ तला भवनले सम्झौताअनुसारको फाइदा आफूलाई गर्न नसक्ने भन्दै थप तलाको संरचना पनि बनाउने बताउनुभयो । उहाँले भन्नुभयो, "बाह्र तलामा नक्सापास भएको हो । डिपिआरअन्तर्गत ३२ तला बनाउन पाउनुपर्छ । नत्र हामी त डुबिहाल्छौं नि ।" काठमाडौँ महानगरले टावर १२ तलामा सीमित हुने बताउँदै आएको छ ।

**बहुउद्देश्यीय काठमाडौँ भ्यूटावरको अवधारणा**

काठमाडौँ घोषणा २०६८ मा महानगरको स्रोत परिचालन तथा सार्वजनिक साझेदारीमा पुरानो बसपार्कलाई विकास र व्यवसायीकरण गर्न निजी क्षेत्रसँग खुला प्रतिस्पर्धाद्वारा व्यावसायिक साझेदारी गर्न उल्लेख गरेको छ ।

महानगरका निर्देशक धुव्र काफ्ले भन्नुहुन्छ, "बहुतलीय, बहुउद्देश्यीय काठमाडौँ टावर बनाउने योजना काठमाडौँ घोषणामा समेटिएको थियो । त्यहीअनुसार पुरानो बसपार्कलाई सिटी बसपार्कका रूपमा सञ्चालन गर्न काठमाडौँ भ्यूटावरको नाम दिइयो ।"

उहाँले चक्रपथ वरिपरिका साना तथा ठूला सवारीसाधनका लागि सुविधासम्पन्न बसपार्क बनाउने मुख्य उद्देश्यसहित भ्यूटावर निर्माणको योजना सुरु भएको बताउनुभयो । यात्रुले खोजेको सबै सेवासुविधा सिटी बस टर्मिनलको उद्देश्यसहित भ्यूटावरको नाम दिइएको हो । उहाँका अनुसार महानगरसँग यसका लागि बजेट अभाव भएपछि सार्वजनिक निजी-साझेदारीको प्रक्रियामा गएको थियो ।

तेइस रोपनी पाँच आना जग्गामा विसं २०७१ फागुन २२ मा काठमाडौँ महानगर र जोइन्ट भेन्चर्स जलेश्वर, स्वछचन्द र बिकोइ बिल्डर्स प्रालिबीच सम्झौता भएको थियो ।

अदालत र अख्तियारमा परेको उजुरीको फछ्र्यौटपछि २०७३ साउन ३० गते कम्पनीले कार्यादेश पाएको थियो । सम्झौताअनुसार २०७५ फागुनभित्र २३ तले भ्यूटावर निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता भएको थियो । निर्माण कम्पनीले निर्माणअवधिसहित ३० वर्षको अवधिसम्म सञ्चालन गर्न पाउने सम्झौता भयो ।

विसं २०७२ को भूकम्पपछि सम्झौताको शर्तका आधार परिवर्तन भयो । भ्यूटावर ३२ तला बन्ने भनिएकामा १२ तलाको संरचनाको नक्सा पास भएको थियो । २०७२ कात्तिक २५ गते भवनको शिलान्यास भएको थियो । भ्यूटावरभित्र सिनेमा हल, सपिङ मलदेखि टर्मिनलको व्यवस्था हुने बताइएको छ । जग्गाको ४० प्रतिशत भूभागमा भ्यूटार भवन बन्दैछ ।रासस

# शहीद तथा बेपत्ता परिवारलाई आर्थिक सहायता

चितवन । भरतपुर महानगरपालिकाले शहीद तथा बेपत्ता भएकाको परिवारलाई आर्थिक सहायताप्रदान गर्ने कामलाई निरन्तरता दिएको छ । गत आर्थिक वर्षबाट कार्यविधि बनाएर सहायता वितरण थालिएको हो । महानगरले एक सूचना जारी गरी तत्कालीन जनयुद्ध र जनआन्दोलनमा सहिद भएका वा बेपत्ता पारिएका परिवारलाई आर्थिक सहायता प्रदान गर्ने जनाएको छ ।

आर्थिक सहायता प्राप्त गर्नका लागि लक्षित समुदायले महानगरपालिकामा निवेदन दिन सूचनामार्फत आग्रह गरिएको छ । शहीद तथा बेपत्ता पारिएका परिवारलाई आर्थिक सहायता गर्न महानगरले कार्यविधि नै बनाएको महानगर प्रमुख रेणु दाहालले बताउनुभयो । स्थानीय तहमा पहिलोपटक




महानगरले यो कार्यक्रम ल्याएको हो । यसबाट केही हदसम्म भए पनि प्रभावित परिवार लाभान्वित हुने उहाँको भनाइ छ ।

आर्थिक सहायताका लागि आधिकारिक निकायबाट जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद वा बेपत्ता पारिएका परिवार खुल्ने कागजात, भरतपुर महानगरभित्र स्थायी बसोबास गरेको प्रमाणलगायतका कागजात चाहिने महानगरले जनाएको छ । महानगरले गत वर्ष पनि जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा सहिद वा बेपत्ता पारिएका परिवारलाई सम्मान गर्दै नगद भत्ता वितरण गरेको थियो ।

महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख शान्ता पौडेलका अनुसार गत आवबाट सहयोग दिन थालिएको हो ।

ती परिवारलाई मासिक रु दुई हजारका दरले सहयोग दिने गरी कार्यविधि बनेको छ। गत वर्ष १३ बेपत्ता परिवार र ४७ सहिद परिवारले सहयोग लिएका थिए । यसरी सहयोग लिनेमा सशस्त्र द्वन्द्वमा परेका माओवादी, नेपाल प्रहरी, नेपाली सेनाका परिवार रहेको उहाँले जानकारी दिनुभयो ।रासस


## कुवेतको लुलु हाईपर सुपर मार्केटमा फ्री भिसा फ्री टिकटमा रोजगारको अवसर


| क्र.सं. | पद | माग संख्या | तलब | काम गर्ने समय | खाना सुविधा | बस्न सुविधा |
|---|---|---|---|---|---|---|
| १ | क्लिनर | ८० | ५६२५०।- | ८ घण्टा | छ | छ |
| २ | सेल्समेन | २० | ६३७५०।- | ८ घण्टा | छ | छ |
| ३ | क्यासियर | ३० | ६७५००।- | ८ घण्टा | छ | छ |
| ४ | स्टोर कपिर | ३० | ६३७५०।- | ८ घण्टा | छ | छ |
| ५ | अफिस ब्वाई | २० | ६००००।- | ८ घण्टा | छ | छ |

**नोट**:- डकुमेन्ट सेलेक्सन भइसकेपछि अनलाइन मार्फत इन्टरभ्यू गराइने छ। साथै यूरोप, क्रुरोसिया, माल्टा, रोमानिया र पोचुर्गल को वर्किङ्ग भिसा सम्बन्धी काम भइरहेछ।

**न्यू इन्टरनेशनल जब सर्भिस प्रा.लि.**

सिनामंगल, काठमाडौँ

फोन नं. ०१-५९१४३९१/९७४५५५१२०६



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पालिकालाई सहयोग गर

महोत्तरी जिल्लाको गौशाला नगरपालिकाको जेसिभी र ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको लामो समय बितिसक्दा पनि नछोडेको कारण नगरपालिकाको कामकाज प्रभावित बनेको छ । नदीबाट बालुवा, गिटटी उत्खनन गरी पालिकाको सडक लगायतको काम गरिरहेको जेसीभी र ट्र्याक्टरले नियन्त्रणमा लिनु उपयुक्त होइन् । सरकारी नम्बरको सवारी साधनले गैरकानूनी रुपमा काम गरेको देखिदैन् । पालिका मातहत रहेका नदीबाट बालुवा, गिट्टी उत्खनन गरी नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गर्नु सकारात्मक हो । नगरपालिकाले टेण्डर मार्फत अथवा उपभोक्ता समिति मार्फत गराउने कामको भन्दा स्वयम्ले गर्ने काम धेरै सस्तो र बलियो समेत हुने गरेको देखिन्छ । नगरपालिकाले अवैध रुपमा नदीमा हुने उत्खनन रोकेर स्वयम् नै नगरको विकासमा नदीजन्य पदार्थलाई उपयोग गर्नु सकारात्मक हो । गौशाला नगरपालिका महोत्तरी जिल्लाको बर्दिबासपछिको तेस्रो हो । पहिलो जलेश्वर नगरपालिका र दोस्रो बर्दिबास नगरपालिका हो । नगरपालिकाले कानून सम्मत ढंगले गर्ने काममा अन्य सरकारी निकायहरुले सहयोग गर्नुपर्छ । कुनै एउटा निकायले मात्र चाहेर विकास हुँदैन् । सबै निकाय मिलेर विकास निर्माण गरे त्यो प्रभावकारी हुनेछ । नगरपालिकाको कार्य क्षेत्रमा प्रहरीले हस्तक्षेप गर्न हुँदैन् । नगरपालिकाले गैरकानूनी काम अथवा जनभावना विपरीतको काम गरे मात्र अन्य निकायले हस्तक्षेप गर्न मिल्छ । तर नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको नदीबाट नगरकै सडक मर्मत संभारका लागि बालुवा, गिट्टी झिक्दा प्रहरीले सवारी साधन नियन्त्रणमा लिन मिल्दैन् । नगरपालिकाले सरकारी सवारी साधनको प्रयोग गरी नदीजन्य पदार्थलाई निजी क्षेत्र अथवा नगरको सरोकार बाहिरको काममा लगाए प्रहरीले रोक्न सक्छ । तर नगरपालिकाको सवारी साधन नगरपालिका क्षेत्र भित्रको सडक मर्मत सम्भार र निर्माणमा लागेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिन हुँदैन् । एउटाको काममा अर्को सरकारी निकायले अनधिकृत रुपमा हस्तक्षेप गर्दा अनावश्यक द्वन्द उत्पन्न हुन सक्ने संभावना रहेको देखिन्छ । नगरपालिकाको कार्यक्षेत्रमा जिल्ला समन्वय समितिले समेत हस्तक्षेप गर्न मिल्दैन् । नदी नियन्त्रण, त्यसको सरक्षण, अवैध उत्खनन रोक्ने र रितपूर्वक ठेक्का लगाउने काम समेत पालिकाको अधिकार क्षेत्रभित्र पर्छ । जिल्ला समन्वय समितिले अवैध रुपमा उत्खन्न हुने नदीलाई संरक्षित गर्नुपर्ने हो । नगरपालिकाको क्षेत्रमा समन्वय समितिले हस्तक्षेपगर्दा अधिकार क्षेत्रको विवाद उत्पन्न भएको छ । खासमा जिल्ला समन्वय समितिको काम नै समन्वय गर्ने हो । पालिकाको कार्यक्षेत्रमा हस्तक्षेप गर्ने निकाय समन्वय समिति होइन् । प्रहरीले नियन्त्रणमा लिएको गौशाला नगरपालिकाको जेसीभी, ट्रेक्टर तत्काल फिर्ता गर्नुपर्छ । त्यसबाट पालिकाको विकास निर्माणमा बाधा उत्पन्न भएको छ । फोहर फाल्नेदेखि सडक मर्मत संभारको कार्यमा खटिने जेसीभी र ट्रेक्टरलाई प्रहरीले नियन्त्रणमा राखिराख्न मिल्दैन् । त्यो कुनै व्यक्तिको सम्पत्ति होइन् । सरकारी सम्पत्तिलाई नियन्त्रणमा लिदा त्यसबाट पर्ने असरको जिम्मेवार पनि सम्बन्धित निकाय नै हुनुपर्छ । महोत्तरी जिल्लाको अन्य नदीहरुबाट अवैध रुपमा भइरहेको उत्खननलाई रोक्न जिल्ला समन्वय समिति र प्रहरीले बेवास्ता गरेका छन् । त्यसपछाडिको कारण पनि सबैले बुझेका छन् । पालिकालाई सहयोग गरौं ।

# मधेशको पर्यटनमा छिमेकीको सौहार्द्रता



सञ्जय साह मित्र

सामान्यतया मधेश प्रदेशमा पर्यटनको धेरै सम्भावना छैन भनिन्छ । केही हदसम्म यो सही पनि होला तर यो पूर्ण सत्य भने होइन । मधेश प्रदेशमा सबै किसिमको पर्यटनको सम्भावना रहेको छ । सबै किसिमको पर्यटन भन्नुको अर्थ वर्तमानमा प्रचालनमा रहेको पर्यटकीयस्थलको निर्माण तथा प्रचार प्रसार, नदी किनारको संरक्षण, धार्मिक क्षेत्रहरुको पर्यटकीय दृष्टिकोणले विकास तथा पर्यटकमैत्री होटल र लजहरुको विकास । यसै गरी हरेक पर्यटकी क्षेत्रमा नजिकका अन्य पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिनु उचित हुन्छ । मधेशका पर्यटकीय क्षेत्रहरुमा पर्याप्त ठाउँको अभाव देखिन्छ भने अर्कोतिर नवयुवा समुदायको चाहना र आवश्यकता बमोजिम सेल्फी लिने विभिन्न सिनारियो अर्थात् दृश्य र क्षेत्रको निर्माण गरिन सकिएको छैन । मानिसलाई एक दुई घन्टा समय छ भने त्यसलाई शान्तिपूर्वक बिताउने ठाउँको अभाव अब महसुस हुन थालिएको छ । यस प्रकारको व्यवस्था र व्यवस्थापन सबै जसो स्थानीय तहमा सम्भव छ ।

अधिकांश स्थानीय तहले आफ्नो सीमा क्षेत्रमा पर्यटकीय क्षेत्रको विकासको लागि खासै पहल गरेको देखिँदैन । मधेश प्रदेशमा सबैभन्दा बढी पहल निसन्देह सर्लाहीको बागमती नगरपालिकाले गरेको छ । केही वर्षमा बागमती नगरपालिकाले भरततालको विकास गरेर प्रदेशमा मात्र नभई भारतको विभिन्न जिल्लाको पनि पर्यटक तान्न सफल भएको छ । बागमती नगरपालिकाले आन्तरिक आम्दानीको फराकिलो बाटो निर्माण गरिसकेको छ र यस क्षेत्रमा थप पहल गरिरहेको छ । पर्यटन क्षेत्रको विकासले सम्बन्धित ठाउँमा रोजगारीको पनि विकास हुन्छ । स्थानीयले अनेक किसिमले रोजगारी पाइरहेका हुन्छन् । स्वरोजगार हुनेको संख्या धेरै हुन्छ ।

स्थानीय रुपमा यातायातबाट पनि कमाउने धेरै हुन्छन् । पसल पनि संचालन हुन्छ । खाजा र खानामा पनि धेरैले कमाउने हुन्छन् । यसै गरी कपडादेखि फलफुल तथा अन्य व्यापार र व्यवसाय चल्ने हुन्छ । स्थानीय कला र संस्कृतिको पनि प्रवर्द्धन हुने सम्भावना रहन्छ । स्थानीय तहले चाहने हो भने पर्यटकहरुको लागि स्थानीय कला र संस्कृतिसित सम्बन्धित विभिन्न प्रस्तुतिको व्यवस्था र व्यवस्थापन गर्न सक्छ । यसको लागि चितवनको सौराहामा देखाइने थारु संस्कृतिलाई एउटा नमुनाको रुपमा लिन सकिन्छ । थारु संस्कृति एउटा उदाहरण मात्र हो वास्तवमा हरेक पालिकाले आफ्नो तहमा पहिलेदेखि चलिआएका संस्कृतिहरुको संयुक्त प्रबर्द्धन गर्ने हो भने निश्चय नै कलाकारहरुले काम पाउने हुन्छन् भने अर्कोतिर स्वस्थ मनोरंजनको विकास हुने पनि हुन्छ । कतिपयले प्रश्न गर्ने गरेका छन् कि हाम्रो समुदायका नवयुवाहरु किन बढी मात्रामा मोबाइल र टिकटकमा हराएका छन् ? वास्तवमा यसको उत्तर पनि यहीँबाट दिन सकिन्छ । अहिले प्रतिभा देखाउने एउटा मंच नै यही सामाजिक संजाल रहेको छ तर यदि स्थानीय तहले ध्यान दिने हो भने साँच्चिकै धेरैको ध्यान यसरी स्वस्थ मनोरंजनतिर जान सकिने देखिन्छ । अहिले स्वस्थ्य मनोरंजनको लागि हामीकहाँ थिएटरको विकास भइसकेको छैन । सिनेमा हलहरु करिब बन्दकै अवस्थामा छन् । गाउँघरबाट नाटकहरु करिब हराइसके । यस अवस्थामा स्थानीय पर्यटनको प्रबर्द्धन गर्न स्थानीय रुपमा पहिलेदेखिका सांस्कृतिक झाँकीहरुको एउटा प्रस्तुति पर्यटकीय स्थलमा देखाइने व्यवस्थित थलोको विकास गर्नु उचित हुन्छ । एउटा व्यवस्थित पर्यटकीय झाँकीस्थल हुन सक्यो र स्थानीय कलाकारहरुले आफ्नो प्रतिभा नियमित रुपमा देखाउने मौका पाउने हो भने कलाकारको उत्पादन तथा रोजगारीको अवसर दुवै एक साथ हुने देखिन्छ । कला र संस्कृतिको सम्मान हुन सक्यो भने पर्यटकहरुले पनि स्वस्थ्य मनोरंजन पाउने मात्र नभई विकासको चौतर्फी क्षेत्रमा सहयोग पुग्ने हुन्छ । पर्यटकीय क्षेत्रहरुको विकासले त्यस ठाउँसित अन्य क्षेत्रका मानिसको पनि नाता जोडिन पुग्छ । अन्य क्षेत्रका मानिसको आवतजावत बढ्ने हुँदा त्यस ठाउँको प्रचार प्रसार अन्यत्रसम्म निरन्तर भइरहन्छ । आखिरमा सबै गतिविधिको फाइदा स्थानीय तहलाई नै पुग्ने हुन्छ ।

वर्तमान परिवेशमा स्थानीय सरकार तथा प्रदेश सरकारले मिलेर मधेश प्रदेशको विभिन्न ठाउँमा यस्ता पर्यटकीय स्थलहरुको विकास गर्नु आवश्यक छ कि पहिलेदेखि नै विभिन्न अवसरमा छिमेकी भारतीय जिल्लाबाट आउने पर्यटकहरुको मुख्य रोजाइमा मधेश प्रदेशकै ठाउँहरु पर्न सकून् । भाषा तथा संस्कृति र अन्य धेरै कुरा मिल्ने भएकाले छिमेकी जिल्लाबाट आउने पर्यटकहरुलाई यहाँ आइरहन मन लाग्छ । एक दिनमै घुमेर जान सकिने वा एक दुई दिन बसेर यहाँका ठाउँहरुको अवलोकन भ्रमण गर्ने र यहाँ आएर शान्तिको अनुभूति गर्ने हुन्छन् । यदि पर्यटकीय स्थलहरुमा मनोरंजनको माध्यम हुन पुग्यो भने पर्यटकलाई सुनमा सुगन्ध हुने हुन्छ ।

हरेक सानातिना अवसरहरुमा मधेशका मुख्य पर्यटकीय गन्तव्यमा छिमेकी भारतीय जिल्लाका पर्यटकहरुको आगमनको अपेक्षा गरिएको हुन्छ । हो, परदेशी जस्तो पनि नलाग्ने तर वास्तवमा अर्कै देशको हुने । सबै संस्कृति मिल्ने तर अपेक्षा भने नयाँ नयाँ हुने । पर्यटनलाई बढावा दिनको लागि यो अनिवार्य छ । आफ्नो गाउँबाहेक हरेक ठाउँ मानिसका लागि नयाँ हुन्छ र यदि आपूनै गाउँ गतिशील छ भने गाउँमा पनि नयाँ नयाँ संरचनाहरु बनिरहेका हुन्छन् । हेर्दाहेर्दै पाँच दश वर्षमा गाउँको भौतिक अनुहार बदलिएको पनि हुन सक्छ । गाउँलाई गाउँकै रुपमा छाडिदिने हो भने पनि अबको केही दशकमा त्यसले अलग्गै आकर्षण बोक्न थाल्छ । यद्यपि पर्यटनका लागि सबै कुरा व्यवस्थित हुने हो भने राम्रो मानिन्छ । कम्तीमा केही सय मानिसले भुइँमै भए पनि बसेर खाने, रमाइलो गर्ने, नाच्ने, गाउने तथा खाना पकाउने ठाउँ हुनुपर्ने हो । यसै गरी फोहोर व्यवस्थित गर्ने ठाउँसहित पानीको राम्रो व्यवस्था भएको र अलिकति एकान्ततिर हुनुपर्छ । यसै गरी माथि नै भनिसकिएजस्तो फोटो खिच्नको लागि प्राकृतिक दृश्य वा प्राकृतिक जस्तो लाग्ने दृश्य, केही नयाँ किसिमको फोटो आउने ठाउँको विकास वा स्थानीयपना झल्किने केही चिजको आकृति बनाउँदा राम्रो हुन्छ । यसै गरी बालबालिकाको लागि केही खेलौना वा पिङ, चिप्लेटी तथा अन्य केही साधनहरु भइदिए साना बालबालिकाहरु पनि खूब रमाउन पाउँछन् । एकचोटि पुगेपछि फेरि फेरि जान बालबालिकालाई पनि मन लाग्छ । र, बाहिरका मानिसका लागि त्यहाँका लोकल केही खानेकुराहरु राख्ने हो भने पनि धेरै सजिलो हुन्छ । कतिपय मानिस यस्ता पनि छन्, जो जहाँको जे लोकल हुन्छ, त्यसको स्वाद लिन चाहन्छन् ।

पर्यटनका मुख्य तीन उद्देश्य हुन्छन् पर्यटकका लागि - स्वाद फेर्ने, ठाउँ हेर्ने र मनोरंजन गर्ने । मनोरंजन गर्नुको अर्थ यो पनि हो कि मानसिक शान्ति पाउने, रिफ्रेस हुने । दैनिक कामको बोधबाट अलिक फरक किसिमले काम गर्ने र एक ठाउँमा विभिन्न किसिमका रमाइलो गर्ने जहाँ आफ्नै नजिकका साथीहरु हुन्छन् । सम्भव भयो भने आफ्नो परिवेशभन्दा टाढाको ठाउँमा पनि पुगेर पनि मानिस फर्कन चाहन्छन् । टाढाको ठाउँमा जान खोज्नुमा यही नयाँ ठाउँको अवलोकन भ्रमण गर्नु पनि हो । आजभोलि साहित्यको क्षेत्रमा लाग्नेहरुले नियात्रा वा संस्मरण लेख्न थालेका छन् । यस्तो लेखनले अरुलाई पनि आकर्षित गरेको हुन्छ । सामाजिक संजालमा पोस्ट गरिएका सामग्रीले त एक दुई दिनसम्म धेरैको नजर तानिरहन्छ तर पछि त्यो कता हराउँछ ठेगान हुँदैन । यदि साहित्यकारहरुले कुनै ठाउँको बारेमा लेख्न थाल्छन् र पत्रपत्रिका वा अनलाइनमा प्रकाशित हुन्छ भने त्यसको महत्व धेरै हुन्छ । धेरैले पढ्छन् र धेरै समयसम्म टिकाउ पनि रहन्छ । कहिलेकाहीँ आफ्नो ठाउँको बारेमा कसैले लेखिदिए हुन्थ्यो भन्ने लाग्छ कि लाग्दैन । यदि लाग्दैन भने त्यो ठाउँ अझै आकर्षणको लागि पुगेको छैन । यदि लाग्छ भने अब केही समयमा त्यस ठाउँले विकासको नयाँ गतिमा आफूलाई उभिएको पाउला ।

हरेक उत्सवमा छिमेकी पर्यटकहरु हामीकहाँ आइरहेका छन् । हरेक वर्ष आउने संख्या र क्रम बढेको छ । केही चर्चित व्यक्तित्वहरु पनि यस्ता उत्सव मनाउन आउने गरेका छन् । यसको विपरीत हामीकहाँबाट यस्ता अवसरमा छिमेकमा जाने काम भने निकै कम हुने गरेको छ । हामी झन् उत्तरतिर गइरहेका छौं । मधेश प्रदेशका मानिसहरु मुख्य गरी साउन र भदौमा भारतको विभिन्न तीर्थस्थलको यात्रा गर्दछन् । लाखौं मानिस झारखण्ड पुग्दछन् । अनेक ठाउँमा जान्छन् धार्मिक पर्यटक बनेर तर हामीकहाँ भने सबै जसो विशेष दिनमा घुम्नका लागि नै आउँछन् हजारौं मानिस । यो हाम्रो लागि सुखद पक्ष हो र यसलाई अझ विस्तार गरिनु आवश्यक छ । छिमेकीको सौहार्द्रता बनिरहोस् - यसको लागि हामी पनि थप जिम्मेवार हुनु आवश्यक छ । आफ्नो जिम्मेवारी दुई किसिमले बुझ्न सक्छौं । एक सुविधा दिएर र दोस्रो फेरि फेरि आइरहून् भन्ने किसिमको व्यवहार गरेर । मन त जित्नु पर्छ, मानिसहरु आइरहन्छन् । जति मानिसहरु आउँछन्, त्यत्ति हाम्रो प्रगति हुन्छ । अहिलेको समयमा पर्यटकीय विकासको लागि केही गर्न खोज्ने स्थानीय तहले भोलिको लागि धेरै थोक गरिरहेको अनुभूति हुन्छ । अहिले यदि केही पर्यटक आउन र सेवाबाट सन्तुष्ट भएर फर्केका छन् भने भोलि बढ्दै जाने र सम्बन्धित स्थानीय तहले विकासमा नयाँ फड्को मार्दै जाने हुन्छ ।

# प्रत्येक मुटुलाई 'ट्रि्ट' गर्दा छुट्टै 'एक्साइटमेन्ट' हुन्छ



डा भगवान कोइराला

चिकित्सकीय पेशा आफैंमा ऊर्जा दिने पेशा हो। हाम्रो कामले प्रत्येक दिन सकरात्मक ऊर्जा दिन्छ। यदि यसलाई उर्जा दिने पेशको रुपमा लिनुपर्छ। हामीले कसैको जीवनमा केही न केही सकरात्मक प्रभाव पार्न सक्छौं। कहिले कही असन्तुष्टि पनि हुन सकिन्छ। दुःख त हुन्छ। थकित पनि भइन्छ। प्रत्येक दिन दर्जनौं बिरामीको हँसिलो अनुहार देख्न पाइन्छ। यसले गर्दा गर्दा काम गर्ने ऊर्जा मिल्छ। यो भाग्यको कुरा पनि हो ।

मुलभूत रुपमा बिरामी र बिरामीको आफन्तहरुप्रति चिकित्सक कति संवेदनशील छन भन्ने कुरा महत्वपूर्ण हुन्छ। बिरामीको आफन्तलाई संवदेनशील छन् भन्ने अनुभूत भयो भने बिरामीका आफन्तहरु आक्रमक हुँदैनन्। बिरामी र बिरामीको आफन्तको विश्वास जित्ने काम चिकित्सकको हो। हृदयघात भएर पनि बिरामीको मृत्यु हुन्छ। सबै ठाउँमा सफलता मिल्दैन, यस्तोमा म आफैं पनि फसेको छु। अपरेसशनपछि कतिपय अवस्था मृत्यु हुनसक्छ। तर, ती सबै घटना दुर्घटना भने हुँदैन। विज्ञानले पनि सतप्रतिशत दिन सक्दैन। बिरामीका परिवारले चिकित्सक इमान्दार भएर महसुस गरे भने आक्रमण हुँदैन। तर, जिम्मेवारी दुवैको हुन्छ। जनता पनि चेतनशील हुनुपर्छ। अनावश्यक भौतिक हो-हल्लाले जनतालाई नै हानी गर्छ। दुवैको जिम्मेवारी एउटै हो भनेर बुझ्यो भने मात्रै फाइदा हुन्छ। मुटुभित्र आफैंमा संवेदना हुँदैन, यो सत्य हो। संवेदना दिमागको टिप एरियामा हुन्छ। त्यहीबाट ' एक्प्रेस' भएर मुटुलाई 'ड्राइभ' हुने हो ।

प्रत्येकपटक मुटुलाई खोलेर हेर्दा वा अप्रेशन गरेर फेरि चालु गर्दा मलाई एक्साइटमेन्ट बनाउँछ। मुटु अरु माशंपेशीजस्तो होइन। यसको आफ्नै रिदम हुन्छ। मुटुको युनिक फिचर्स छ। त्यसैले प्रत्येक मुटुलाई 'ट्रि्ट' गर्दा छुट्टै ' एक्साइटमेन्ट' हुन्छ। अर्को चुनौती पनि छ। यस अर्थमा हेर्दा धेरै संवेदशील भएको महसुस हुन्छ। अस्पतालमा गम्भीर प्रकृतिका बिरामी आउँदा उनीहरुको र उनहरुका आफन्तको 'इमोसन' सम्बोधन गर्न सक्नुपर्छ। त्यसबेला उनीहरु आत्तिएका हुन्छन्। त्यसमा डाक्टरहरुले विचार पुर्यानैपर्छ । बिरामीको रोग र उनीहरूको आफन्तको मानसिक उपचार गर्नुपर्ने हुन्छ। चिकित्सकको काम रोगको मात्रै उपचार गर्ने होइन। बिरामी समग्र वातावरण ठीक ठाउँमा राख्ने चिकित्सकको हातमा हुन्छ। त्यसैले बिरामी र आफन्तको 'इमोसन'लाई सम्बोधन गर्न सकियो भने सब ठीक हुन्छ।

२०-२२ वर्षअघि गंगालाल अस्पतालमा कार्यकारी निर्देशकको रुपमा भर्खर नियुक्ति भएको थिएँ। तत्कालीन स्वास्थ्यमन्त्रीले देशमा मुटुको रोग नै छैन। मुटुको अस्पताल किन चाइयो भनेका थिए। तर, विस्तारै बुझ्दै जान थाले। अहिले मुटुको समस्या भएका बिरामी धेरै छन्। अहिले मुटु अस्पताल साँच्चै आवश्यक रहेछ भन्ने साबित भयो। 'गाइड' गर्दिने काम पनि विज्ञहरुकै हो। यसमा हामी सबै जिम्मेवारी हुनुपर्छ।

'हृदय' पुस्तक २५ हजार मूल्यमा बिक्री गरेर सात प्रदेशमा विशिष्टिकृत बालअस्पताल खोल्ने कुरा कति सम्भव भन्ने कुरामा म क्लियर नै छु। मसँग पैसा छैन, तर सामाजिक क्षेत्रमा काम गर्ने साथीहरु मिलेर यो काम गरौं भनेर लागेको हुँ। देशका लागि आवश्यक पनि छ यो। यद्यपि, स्वाथ्य क्षेत्रको समग्रमा काम गर्न बाँकी नै छ। यसको पहिलो महत्वपूर्ण काम यो हुन सक्छ। बालअस्पताल सरकारी योजनाभित्र परे पनि सबैले मिलेर गर्ने काम गरौं भन्ने लाग्छ।

हामी सबैले मिलेर काम गर्न चाहान्छौं। अस्पतालको मोडल सरकारी र गैरसकारी क्षेत्रबाट हुने हो। यो मोडलबाट गयो भने दीर्घकालिन रुपमा योगदान दिन सकिन्छ भनेर यो योजना बनाइएको हो। यसमा प्रदेश सरकार र स्थानीय सरकार हुन्छ। तर, यसको नेतृत्व गर्ने काम गैरसकारी क्षेत्रले गर्न खोजेको हो। त्यसैले, यसलाई सरकारसँग सहाकार्य गर्ने रुपमा लिएको छु। देशको र राष्ट्रिय स्तरका संघसंस्थाको स्तर हेर्दा पनि नेतृत्वबाट धेरै कुराहरु ' गाइड' हुन सक्छन्। चाहानाले मात्रै पुग्दैन। इमान्दारिताको साथ कुनै काम गर्छु भनेर दृढता गर्यो भने धेरै कुरा मिलेर आउने रहेछ ।

# तसलीमा नसरीन र उनका उपन्यास लज्जा



-डा.रेवतीरमण लाल

तसलीमा नसरीनको जन्म २५ अगस्त १९६२ ई. मा बंगलादेशको मैमन सिंह नाउँको एउटा सानो शहरमा भएको थियो । यो ठाउँ ढ़ाकाबाट ९० कि.मि. उत्तर पर्छ । तसलीमा आफनो पन्द्र वर्षको उमेर देखिने लिखन थेलेकी थिइन र आफनो विद्यार्थी जीवन देखिनै महिला समस्याहरुमा लेख्न थालेकी थिइन ।

यसैकारणले बंगलादेश सरकारद्वारा उनका पुस्तकहरु "आमार मेये बेला", "उत्तालहवा" र "सेइ सब अन्धकार" लाई प्रतिबन्ध लगाई दिएको थियो र त्यति मात्र होइन उनका अर्को पुस्तक "द्विखण्डित" लाई पश्चिम बंगाल सरकारद्वारा पनि प्रतिबन्धित गरिएको थियो र पछि कलकत्ता हाइकोर्टद्वारा यस पुस्तकबाट प्रतिबन्ध हटाउने आदेश जारी गरेको थियो ।

तसलीमाले लेख्नलाइ डाक्टरको जागिर पनि छाड़ेकी थिइन । धार्मिक कट्टताको विरोधमा उनले जमेर लेखेकी थिइन । उनले पटक-पटक यस कुरालाई रेखांकित गर्दै रहिन कि धर्म महिलालाई उपेक्षा गर्दछ । एक साक्षात्कारमा उसले भनेकी थिइन कि उनलाई रुद्रसँग प्रेम भएको थियो र उसको जोरले नै तसलीमाले उसँग कसैलाई पनि न भनीकन विहे गरेकी थिइन । तसलीमाको रुद्रसँग अनन्य प्रेम थियो । रुद्र ढ़ाकामा बसी रहेको र मैमन सिंह तसलीमा कहाँ आउ जाउ गरी रहेको थियो । तसलीमा भनेकी थिइन कि विहेपछि केही महिना पश्चात जब रुद्रसँग रात विताउदा तसलीमालाई थाहा भयो कि रुद्रलाई यौन रोग छ सिफलिस भै सकेको थियो । धेरै सोधेपछि तसलीमालाई थाहा भयो कि रुद्र वेश्याहरु कहाँ जाने गर्दछ । तसलीमाले रुद्रको इलाज पनि गराई र पछि तलाक पनि भया । साक्षात्कारमा तसलीमाले भनेकी थिइन कि यो मेरो लागि नीकै पीड़ा दायक घटना थियो र मलाई यसबाट ठूलो धक्का लाग्यो ।

यस साक्षात्कारमा तसलीमाले बा आमा बारे यसरी बयान गरीन- आमा चसिो दिमाग की महिला थिइन र उनलाई रीस उठदैन थियो । घरमा सबै थोक रहन्थ्यो तर आमा तेल, साबुन पनि प्रयोग गर्नु हुन्थिएन, त्यो लोग्नेको पैसा बचाउनलाई मात्र । बुआ घरमा अत्यन्त सीमित सामग्री ल्याउनु हुन् थयो र र्ता सामानहरु सिद्धिए पछि निकै कराउनु हुन्थ्यो । तर उहाँमा एउटा रामो कुरा के थियो कि हामीहरुको पढाई लिखाइमा कन्जुसी गर्नु हुन्थएन हामीलाई दवाएर राख्नु हुन्थिएन । तर आमा इदको दिन नयाा साड़ी र ब्लाउज लगाएर बुआको अगाडी जाँदा उहाँ रिसाउनु हुन्थ्यो । आमा बुआबाट आतंकित रही रहनु हुन्थ्यो ।

मेरो बुआ गरीबीबाट संघर्ष गरी माथि उठनु भएको थियो, प्रतिष्ठा पाउनु भएको थियो यसैले होला अलि रुखो हुनुहुन्थ्यो । यस साक्षात्कारमा तसलीमाले भनेकी थिइन- कट्टरवादी त त्यसै बेला देखि म बाट रुख थिए जबदेखि आफनो सानो शहर मेमनसिहबाट सेंजुती (संध्यादीय) पत्रिका म आफनो सम्पादनमा प्रकाशन गर्न थालेकी थिए । यो कविताको पत्रिका थियो । म आफना कविताहरुमा रुढीवादी प्रवृत्तिहरु माथि प्रहार गर्दै थिए । मेरो सवाल थियो कि हाम्रो धर्ममा महिलालाई यो मर्यादा किन छैन जो पुरुषलाई छ । लज्जा प्रकाशित भएपछि जब म सेजुतीमा यो प्रश्न उठाउँदा सम्पूर्ण देशमा हाइतोबा मच्यो । मानिसहरु मलाई फाँसीमा झुड्याउन धरना, प्रदर्शन र नारा लगाउन थाले । म माथि अनेक मुद्दाहरु लगाइयो । मलाई आफनो घरबाट निस्कनु गाह्रो भै गयो । तर म आफनो विचारमा अटल बसे वरु म अरु सबल भएर आएँ । मेरो विचार अब टाढा टाढासम्म फैलिन थाल्यो, यो मेरो जीत थियो तर म माथि खतरा बढदै गइ रहेको थियो यो अर्को कुरा हो ।

तसलीमाको विचारमा जसरी मानिसहरु छोराको जन्म भयो भने टोकरीमा भरी भर्रा मिठाई बाड्दछन त्यसरी नै छोरीको जन्मपछि पनि मिठाइ बाड्नु पर्छ । उनको विचारमा भार्मिक पुस्तकहरुमा महिलालाइ भोग्या मानिएको छ, यो अनुचित हो ।

लज्जा उपन्यासमा लेखिका तसलीमा नसरीनले लेख्नु भएको कुरा यस्तो छ जसले गर्दा यति ठूलो भूइचालो आएको थियो । यस पुस्तकमा भारतको अयोध्यामा १९९२ ई. मा भएको बाबरी मस्जिद विध्वंशको बखत बंगलादेशमा हिन्दूहरु विरुद्ध भएको अमानवीय अत्याचारका घटनाहरुलाई यसरी प्रस्तुत गरिएको छ कि यो पुस्तक पढेर जो कोइलाई यो सोचन बाध्य हुनुपर्छ कि वास्तवमा यी घटनाहरु भएकै हो त ?

बाबरी मस्जिदको ध्वंश पछि बंगलादेशमा अनेकौं मन्दिर लुटिए, विध्व.श गरिए र हिन्दुहरुको धनमालको साथै इज्जत पनि लुटिएका थिए । हिन्दुहरु बस्ने घर घरकी महिलाहरुलाई बलात्कार गर्ने, हत्या गर्ने, हिन्दुहरुलाई वेपत्ता पनि गरिएको थियो । लेखिका तसलीमाले बंगलादेको निर्माण ताका यसको संविधान मुजीबुर रहमान, जीन्ना, गाँधी, जवाहरलाल नेहरु आदि महान नेताहरको जाति र सम्प्रदाय प्रति व्यक्त विचार समेत यस पुस्तकमा चर्चा गर्नु भएको छ ।

बंगलादेशका एउटा हिन्दु परिवार जो बंगलादेशको जन्म भन्दा अघिदेखि नै यस देशलाई आफनो जन्मभूमिको रुपमा असीम स्नेह राख्दै आएको त्यो सुरंजनको परिवारले हिन्दु र मुसलमानलाई भेद गर्न नै जानेको थिएन । यसले कट्टरपंथीहरुको शिकार भै अन्तमा एकदिन बहिनीलाई केही गुण्डाहरुले जवरदस्ती लगेर बलात्कार गरेर हत्या समेत गरेको कारणले सुरंजनको मनमा आँधीवेरी ल्यायो र उसलाई भयो । यो देश हिन्दुहरुको लागि उपयुक्त देश होइन र हजारौ परिवार भारत पलायन गरे जस्तै सुरंजनले पनि यो देश छाड्न पनि मन बनाएर उसले पनि बंगलादेश छाड्को छ । तर यसो गर्दा उसलाइ असहृय पीड़ा भएको उपन्यासमा व्यक्त गरिएको छ ।

लेखिकाले भारतीय कट्टरपंथीहरुलाई पनि छाड्को छैन । उसको विचारमा यदि आज बाबरी मस्जिदमा रामको मन्दिर थियो भन्छ भने भोली ताजमहलमा हनुमानको मन्दिर थियो भनेर उसलाई पनि भत्काउन भन्छ । लेखिकाको विचारमा यस महाद्विपमा सबै देशहरुका वासीहरुको आत्मा एउटै छ । उनीहरुको इतिहास र भविष्य साझा छ । यसैले यो सबैलाई थाहा हुनुपर्छ कि एक गाउँको कुनै घटनाको असर अर्को ठाउँमा त्यतिकै प्रभावकारी रुपमा पर्दछ । त्यसैले सबैले मायाको भाषा बोल्नुपर्छ घृणाको विषालु भाषा होइन । यसरी लेखिकाले आफनो धारणा व्यक्त गर्नु भएको छ ।

आफना पुस्तकहरु तसलीमा व्यक्त गरेको विचारहरुको लागि युनेस्को, फ्रान्स, स्वीडेन, जर्मनीको अनेको महत्वपूर्ण सम्मानहरुको साथै तसलीमालाई फ्रीडम फ्रोम रेलिजन फाउण्डेशनको "फ्री थौट हिरोइन" पुरस्कार पनि प्रदान गरिएको थियो ।

लज्जा उपन्यासको प्रकाशन पछि बंगलादेशमा भयंकर विरोध भएको कुरा थाहा हुन्छ । न्यूयोर्कबाट प्रकाशित टाइम-साप्ताहिक न्यूज मैगेजिनको ३१ जनवरी १९९४ को अंकमा यसको विवरण छापिएको थियो जो यस प्रकार छ- यसको विरोध गर्ने मानिसहरुको हुलले यस्तो भनि रहेको आफ्नो घरमा कैदी जीवन विताउने लेखिकाको कानमा पऱ्यो" यसको खुट्टा भाँची देउ, खुट्टा भाँचीदेउ । काउन्सील अफ सोल्जर्स अफ इस्लामद्वारा पन्द्र दिनभित्र नसरीनलाई फाँसी देउ भनेर पनि नारा लगाइएको थियो । दशौ हजार मानिसहरु ढ़ाका र सिलहट नगरमा लेखिकाको पुतला दहनको साथै फाँसी दिन समेत नारा लगाएका थिए । प्रधानमन्त्री खालिदा जियाको सरकारले प्रहरी सुरक्षाको व्यवस्था गरेको थियो ।

लज्जा उपन्यासका पचासहजार प्रति जिया सरकारद्वारा प्रतिबन्ध लगाउनु भन्दा पूर्व नै विक्री भै सकेको थियो । नसरीनको पासपोर्ट पनि जव्द गरीएको थियो । तसलीमाले आफ्नो एककविता "वेर्डिङ्ग मा लेखेकी थिइन कि मेरो जीवन एक राक्षसी प्रवृतिको मानिसको अधिन छ र त्यो मान्छे मेरो शरीर माथि अधिकार जमाउन चाहन्छ जुन बखत उसको इच्छा हुन्छ आकाँक्षा हुन्छ ।

अंग्रेजी अखवार स्टेट्समैनमा तसलीमाले दिएको आफ्नो स्पष्टिकरणमा भनेकी थिइन कि म कुरान पुनर लेखनको कुरा गरी रहेको छैन वरु मेरो विचारमा यति मात्र हो कि आजको समस्याहरुको सामना हजारौ वर्ष अघि लेखिएका धर्मग्रन्थहरले सम्भव छैन । ज्यानको खतराबाट वचन आफ्नो देश भन्दा बाहिर अन्य देशहरुमा बस्दा तसलीमालाई बृद्ध आमा बुबाको मृत्यु बखत पनि आफ्नो देश जान दिइएको थिएन ।

टाइम्स अफ इण्डियाको २१ अफ्रिल २००२ को अंकमा एउटा लेखमा तसलीमाले मेरो विचारमा कट्टरवादीहरुले आफनो विचारमा परिवर्तन छाँट छैन र म आफनो व्यक्त गरेको विचारको लागि क्षमा माग्न विल्कुलै तैयार छेन किनकि म आफना स्वतन्त्र अभिव्यक्तिको अधिकार राखेको छु र त्यो अधिकार मेरो जीवन भन्दा अधिक प्रिय छ । म आफ्नो लेखन प्रति प्रतिवद्ध छु किनकि मेरो यो प्रतिवद्धता त्यस्ता सबै पीड़ित प्रताड़ित महिलाहरुको पक्षमा छ जो मेरो देश अथवा विश्वका अन्य देशहरुमा बसेकी छिन । म आफनो प्रवासकालमा म पटक-पटक भारत गएको हुँ र कलकतामा बस्दा मलाई आफनो घर फर्केको जस्तो भान भएको नसरीनले विचार व्यक्त गर्नु भएको थियो ।

# समस्या समाधान गर्ने हस्तक्षेपकारी कार्ययोजना बनाइनेछ : मन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले यातायात क्षेत्रमा देखिएका सबै समस्या समाधानका लागि हस्तक्षेपकारी कार्ययोजना बनाएर लागू गरिने बताउनुभएको छ ।

मंगलबार काठमाण्डु र ललितपुरस्थित यातायात व्यवस्था कार्यालयको स्थलगत निरीक्षणपछि कुराकानी गर्दै उहाँले प्रदेश सरकारसँगको समन्वयमा यातायात क्षेत्रको सुधारका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

यातायात व्यवस्था सुधारका लागि सङ्घीय र प्रदेश सरकारबीच छलफल भइरहेको उहाँले बताउनुभयो । अहिलेसम्मका यातायात व्यवस्थाका कमजोरीलाई सच्याउने र समस्या समाधान गरी सेवाग्राहीलाई छिटोभन्दा छिटो गुणस्तरीय सेवा दिइने उहाँको भनाइ छ ।

नागरिकले सेवा लिँदा दुःख पाइरहेकाले स्थलगत रुपमा अवलोकन गरी प्रत्यक्ष जानकारी लिन आफू कार्यालय आइपुगेको उपप्रधानमन्त्री श्रेष्ठले बताउनुभयो ।

“जनताले अहिलेसम्म ढिलो सेवा पाएका छन्, अब नयाँ ढङ्बाट काम गरिनेछ”, उहाँले भन्नुभयो, “समस्याका समाधान गरी नागरिकलाई सजिलो गरी सेवा दिइनेछ ।”

डिजिटल माध्यमबाट सेवा प्रवाह तथा कर्मचारीलाई अभिमुखीकरण र र आवश्यकता अनुसार कर्मचारी थप गरी समस्या हल गरिने उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ । “के कस्ता साधनस्रोत उपलब्ध गराउनुपर्ने हो त्यो पूरा हुनेछ”, उहाँले भन्नुभयो, “त्यसपछि तुरुन्त हुनुपर्ने काम नहुने, नागरिकले पीडा पाउने र समयमा काम नहुनेलाई समस्या अन्त्य गरिनेछ ।”

प्रविधिको युगमा पनि पैसा बुझाउन कार्यालय धाउनुपर्ने लगायतका कारणले पनि सेवाग्राहीले दुःख पाएको उहाँको भनाइ छ । उहाँले कर्मचारीको मनोबल उच्च बनाएर जिम्मेवारी बोध गराउँदै काम गराउने बताउनुभयो । उहाँले भन्नुभयो, “सुशासन नै पहिलो जोड हो र समयमा परिणाम दिनुपर्छ ।”

उहाँले यातायात कार्यालयलाई सवारी चालक अनुमतिपत्रको परीक्षाको नतिजा भोलिपल्टै निकाल्न निर्देशन दिनुभएको छ । नतिजा तीन दिनभित्र प्रकाशन गर्नुपर्ने व्यवस्था भएको भन्दै उहाँले चाँडो काम गर्न निर्देशन दिनुभएको हो ।रासस

# प्रतिनिधिसभा सदस्य आले र राईद्वारा शपथ

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभा सदस्य प्रेमबहादुर आले र माया राईले मंगलबार शपथ ग्रहण गरेका छन् ।

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबरामार्फत उनीहरुले शपथ लिएका छन् ।

गत पुस ७ गते भएको प्रतिनिधिसभाका सदस्यहरुको शपथ समारोहमा आले र राई अनुपस्थित भएका थिए ।

आले पारिवारिक शोकमा भएकाले र राई अस्पतालमा भर्ना भएकाले उनीहरुले मंगलबार शपथ लिएका छन् ।

# ‘मोबाइल आयातमा देखिएको समस्या समाधान गर्न प्रधानमन्त्रीको निर्देशन’



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले विदेशबाट नेपाल फर्किदा व्यक्तिगत प्रयोजनका लागि ल्याएको मोबाइलका सम्बन्धमा नागरिकस्तरबाट गुनासो आएपछि त्यसलाई तत्काल सम्बोधन गर्न निर्देशन दिनुभएको छ। प्रधानमन्त्रीले यसअघि पनि त्यस्तै निर्देशन दिनुभएको थियो ।

प्रधानमन्त्रीले निर्देशन दिनुभए पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका कर्मचारीले सोमबार अमेरिकाबाट नेपाल आएका नेपालीलाई मोबाइल ल्याउन रोक लगाएको समाचार सार्वजनिक भएको थियो ।

प्रधानमन्त्री दाहालले मंगलबार पुनःउपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई त्यससम्बन्धमा आवश्यक व्यवस्था मिलाउन निर्देशन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो ।

“आफूसँग अतिरिक्त मोबाइल ल्याउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समस्या सिर्जना भएको घटनामा जनस्तरबाट राखिएको चासो र गुनासोका बारेमा प्रधानमन्त्री कार्यालयले अर्थमन्त्रालयलाई तत्काल नै यो विषयमा आवश्यक कार्यबाही अघि बढाउन निर्देशन दिएको छ”, प्रेस संयोजक शर्माले भन्नुभयो ।

रोजगारीका सिलसिलामा विदेश गएका नेपालीले आफूसँग फर्किंदा दुईवटा मोबाइल ल्याउने कुरालाई सरल र सहज बनाउन आवश्यक नीतिगत तथा कानुनी जटिलता भए त्यसलाई समेत फुकाउन प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ ।रासस

# परिवर्तन, व्यवस्था र संविधान जोगाउन राष्ट्रिय सहमति आवश्यक : वरिष्ठ नेता पौडेल

काठमाण्डु । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रिय सहमति आजको आवश्यकता भएको बताउनुभएको छ ।

“हामीले ७० वर्षसम्म लडेर प्राप्त गरेको लोकतन्त्रलगायतका उपलब्धी रक्षाका लागि राष्ट्रिय सरकारको आवश्यकता छ भन्ने लाग्छ”, उहाँले भन्नुभयो “अहिलेको परिवर्तन, व्यवस्था र संविधानलाई जोगाउनका लागि राष्ट्रिय सहमति आवश्यक छ ।”

मंगलबार आयोजित प्रदेशसभाको आगामी कार्यभार र स्पिकर्स फोरम नेपालको दायित्व र अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले प्राप्त उपलब्धी संस्थागत गर्न तथा संविधान जोगाउनका लागि एकसाथ जानुको विकल्प नभएको बताउनुभयो ।

संविधान निर्माणपछि केही समूहहरु अस्थिरताका लागि काम गर्दै आएको भन्दै उहाँले सत्ताभन्दा पहिले व्यवस्थाका लागि लड्नुपर्ने बताउनुभयो । संविधान जारी भएपछिको पहिलो निर्वाचनदेखि नै आफूले राजनीतिक क्रान्ति पूरा भएकाले अब आर्थिक क्रान्तिमा जानुपर्ने भन्दै आएको उहाँको भनाइ छ ।

नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)लगायतका दलहरुबीचको गठबन्धन भत्किँदा नेपाली कांग्रेसले सत्ता गुमाएको तर त्यसोभन्दा ठूलो अस्थिरता निम्तने खतरा बढ्छ कि भन्ने चिन्ता आफूलाई लागेको उहाँको भनाइ छ ।रासस

# यातायात कार्यालयमा उपप्रधानमन्त्री श्रेष्ठको अनुगमन

काठमाण्डु । सवारी चालक अनुमति लिनका लागि नागरिकले भोग्नुपरको समस्याको समाधानका लागि उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले पहल गर्न थाल्नुभएको छ ।

उपप्रधानमन्त्री श्रेष्ठले आज एकान्तकुनास्थित यातायात कार्यालयको अनुगमन तथा निरीक्षण गर्नुभएको छ । उहाँले त्यस अवसरमा सेवाग्राहीसँग पनि अन्तरक्रिया गर्नुभएको उहाँका स्वकीय सचिव विजय गौतमले जानकारी दिनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले कार्यालयका प्रमुख तथा कर्मचारीलाई नियमानुसार काम गर्न निर्देशन दिँदै कुनै पनि गुनासो आए सरकारले कारबाही गर्ने बताउनुभयो। अनुगमनका क्रममा मन्त्री श्रेष्ठले सेवाग्राही एवम् सर्वसाधारणसँग अन्तरक्रिया गर्नुभएको छ भने गुनासो सुन्दै सेवा सुधारमा आफू लागिपरेको बताउनुभयो । उहाँले सेवा प्रभावकारी र सहज बनाउन कार्यालय प्रमुख र कर्मचारीलाई निर्देशन पनि दिनुभएको छ ।

मन्त्री श्रेष्ठले सेवा दिने समय बढाउन, छिटोछरितो ढङ्गले काम गर्न र अनियमितता, बिचौलियाको प्रभाव र सेटिङको अन्त्य गर्न निर्देशन दिनुभयो । कहींकतैबाट गलत भएको जानकारी आए तत्काल कारबाही गर्ने उहाँले चेतावनी दिनुभयो ।रासस

# ‘प्रमुख आर्थिक सूचकको प्रयोग विधि’ पुस्तक सार्वजनिक




काठमाण्डु । राष्ट्रिय योजना आयोगले ‘प्रमुख आर्थिक सूचकको प्रयोग विधि’ नामक डिजिटल पुस्तक सार्वजनिक गरेको छ । आयोगले मङ्गलबार एक कार्यक्रमबीच उक्त पुस्तक सार्वजनिक गरेको हो ।

यो पुस्तक योजना आयोगको अग्रसरतामा राष्ट्रिय तथ्याङ्क कार्यालय, विकासका लागि तथ्याङ्क कार्यक्रम, द एशिया फाउण्डेशन र नेपाल इन डाटाले संयुक्त रुपमा तयार पारेको हो । राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले सही तथ्याङ्क प्राप्ति र त्यसको विश्लेषणमा ठूलो खाडल महशुस भएपछि यो डिजिटल पुस्तक प्रकाशनमा ल्याइएको बताउनुभयो । सबै नीति तथा योजना निर्माणको आधार तथ्याङ्क भएकाले यसको विश्लेषण तथ्यपूरक हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।‘तथ्याङ्कको प्रस्तुती कसरी गर्ने भनेर स्पष्ट पार्न यो प्रकाशन ल्याइएको हो । तथ्याङ्कको परिभाषादेखि यसको सङ्कलन, प्रशोधन, ब्याख्या, र विश्लेषण विधिसम्म समेटिएकाले यो एउटा महत्वपूर्ण पुस्तक हो भन्ने मलाई लागेको छ ।’, सचिव भण्डारीले भन्नुभयो ।

पुस्तक सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका सहसचिव नेबिल लाल श्रेष्ठले आर्थिक क्षेत्रसँग जोडिएका हरेक तथ्याङ्कको परिभाषासहितको एकीकृत जानकारी पाउने गरी यो प्रकाशन तयार पारिएको बताउनुभयो । त्यस्तै, नीति निर्माता, अध्ययन-अनुसन्धान कर्ता, सार्वजनिक निकाय, पत्रकारिता क्षेत्र, शैक्षिक क्षेत्रलगायत विभिन्न क्षेत्रमा तथ्याङ्कको गलत विश्लेषण नहोस् भन्ने उद्देश्य राखेर यो पुस्तक तयार पारिएको पनि उहाँको भनाइ छ ।

‘तथ्याङ्कको सही प्रयोग होस् र गलत ब्याख्या नहोस् भनेर यो प्रकाशन ल्याइएको हो । सबै तथ्याङ्कसँग कुनै कथा लुकेको हुन्छ । हामीले प्रयोग गरिरहेको तथ्याङ्क उत्पादन कसरी भयो ? त्यसको विधि के हो ? त्यसको अवधारणा र परिभाषाबारे स्पष्ट हुन जरुरी छ ।’, रासस

# जनप्रतिनिधिको भूमिकालाई प्रभावकारी बनाइनुपर्छ : अध्यक्ष तिमिल्सिना



काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई जनप्रिय तुल्याउन जनप्रतिनिधिले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

स्पिकर्स फोरम नेपालले मंगलबार आयोजना गरेको ‘ प्रदेशसभाको आगामी कार्यभार र स्पिकर्स फोरमको दायित्व’ अन्तक्रिया कार्यक्रममा उहाँले केही कानूनी जटिलताकाबीच पनि संघ र प्रदेशसभामार्फत् सकारात्मक काम भएको भन्दै त्यसका आधारमा आगामी कार्यलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “अबका दिनमा परिवर्तनलाई संस्थागत गर्न लोकतान्त्रिक गणतन्त्रलाई जनप्रिय र लोकप्रिय बनाउन जनप्रतिनिधिले व्यवहार बदलेर जनताको पक्षमा काम गर्न जरुरी छ ।” अध्यक्ष तिमिल्सिनाले देशको आर्थिक अवस्थालाई मध्यनजर गर्दै सङ्घ तथा प्रदेशमा मन्त्रिमण्डल सानो आकारको बनाइ आर्थिक मितव्ययिता कायम गरि नुपर्नेमा जोड दिनुभयो । मुलुकको संविधानको व्यवस्थाअनुरुप कुनै पनि दलको स्पष्ट बहुमत नआउने अवस्था रहेकाले सत्ता गठबन्धन अपरिहार्य रहेको भन्दै गठबन्धन सरकार बनाउँदा थोरै मन्त्रालय बनाइनुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष तिमिल्सिनाले प्रदेशसभा र संरचना भद्दा र खर्चिलो भयो भनेर आलोचना हुनेगरेको प्रसंग उल्लेख गर्दै कमिकमजोरीलाई सच्याएर बलियो बनाउन आवश्यक रहेको बताउनुभयो । “प्रदेशमा मन्त्रालय धेरै भए काम प्रभावकारी भएन भन्ने आलोचना बढेको छ”, उहाँले भन्नुभयो, “सांसद भएपछि मन्त्री हुनैपर्छ भन्ने प्रवृत्ति रोकिनुपर्छ। अहिलेको आलोचनालाई भविष्यमा सुधार गरेर जानुपर्छ ।”

उहाँले प्रदेशसभालाई प्रभावकारी बनाउन र जनआकाङ्क्षा अनुरुप काम गर्न स्पिकर्स फोरमको महत्वपूर्ण भूमिका हुने भन्दै सातै प्रदेशमा अन्तरक्रिया गरेर प्रदेशसभाको कामलाई प्रभावकारी र परिणाममुखी बनाइनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रदेशसभालाई अधिकार सम्पन्न बनाइ जनताको पक्षमा प्रभावकारी काम गर्नुपर्ने खाँचो औंल्याउनुभयो । उहाँले जनप्रतिनिधि कानुन बनाउने भन्दा पनि विकासका लागि धाउनुपर्ने बाध्यताको अन्त्य गरी सङ्घ र प्रदेशसभालाई कानुनमार्फत् प्रभावकारी थलोका रुपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

“सङ्घ, प्रदेश र स्थानीय तहको उद्देश्यअनुरुप अधिकार सम्पन्न बनाउन सकिएको छैन । केन्द्रिकृत प्रवृत्ति हाबी भइरहेको छ, त्यसकारण प्रणालीलाई ठीक ढङ्गले चलाउन कठिन भएकै सन्दर्भमा जनचाहना बमोजिम राष्ट्रियसभाको कामलाई प्रभावकारी बनाइनुपर्छ”, पूर्व सभामुखसमेत रहनुभएका नेता पौडेलले भन्नुभयो ।

कार्यक्रममा पूर्वसभामुख ओनसरी घर्तीले जनप्रतिनिधिको थलो संसद्को भूमिकालाई प्रभावकारी बनाएर जनताको हितमा काम गर्न जनप्रतिनिधि केन्द्रित हुनुपर्ने बताउनुभयो । उहाँले आवश्यक ऐन, कानुन बनाउन ढिलो भएका कारण प्रदेशसभा प्रभावकारी बन्न नसकेको उल्लेख गर्दै प्रदेशसभाको अनुभवलाई जीवन्त आगामी भूमिकालाई अझ प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थान तथा सरकारी आश्वासन समितिका सभापति मायाप्रसाद शर्माले राष्ट्रिय राजनीतिलाई दिगो बनाउन र परिवर्तित व्यवस्थालाई स्थापित गर्न फोरमले भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती)ले संसदीय प्रणालीलाई बलियो र प्रभावकारी बनाउन जनप्रतिनिधि जिम्मेवारपूर्वक ढङ्गले लाग्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रियसभाका पूर्व उपाध्यक्ष शशिकला दाहालले सङ्घ र प्रदेशको प्रभावकारी समन्वयमा सुशासन र समृद्धिका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो । कर्णाली प्रदेशका निवर्तमान सभामुख एवं स्पिकर्स फोरमका संयोजक राजबहादुर शाहीले लामो बलिदानिपूर्ण सङ्घर्षबाट अहिलेको व्यवस्था आएको भन्दै सङ्घ र प्रदेशबीचको सम्बन्ध स्थापित गर्न फोरमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

संघ र प्रदेश सरकारबीच पुलको भूमिका निर्बाह गरी जनप्रतिनिधिको भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले सातै प्रदेशसभाका निवर्तमान सभामुख र उपसभामुखहरुको साझा फोरमको रुपमा स्पिकर्स फोरम स्थापना गरिएको हो ।रासस


मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

## पूर्ण प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७९/०९/२०

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ नव-प्रवर्तन साझेदारी कोष परिचालन गर्नका निमित्त मिति २०७९।०८।१५ गते र म्याद थप सम्बन्धी २०७९/०९/०१ गते प्रकाशित सूचना बमोजिम प्राप्त भएका अवधारणा-पत्रहरु मध्ये देहायका सात वटा स्थानीय तहका अवधारणा-पत्रहरु पूर्ण प्रस्तावको लागि शर्टलिस्ट भएको हुँदा सो स्थानीय तहहरुलाई पूर्ण प्रस्ताव पेश गर्नका निमित नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८, को अनुसूची-३ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वकको पूर्ण प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई, जनकपुरधाम, धनुषामा खामबन्दी रुपमा तथा IPF प्रणाली https://ipf.plgsp.gov.np मा समेत पेश गर्नुहुनको लागि अनुरोध गरिन्छ । विस्तृत जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको वेबसाइट www.ocmcm.madhesh.gov.np बाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ प्राप्त गर्न सकिनेछ ।

पुर्ण प्रस्ताव पेश गर्नका लागि शर्टलिस्ट भएका स्थानीय तहहरू

| क्र.स. | प्रस्तावित परियोजनाको नाम | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | बाल उद्यान निर्माण | सप्तरी | कन्चनरुप नगरपालिका |
| २ | जीविकोपार्जनको लागि दुहुना भैसी पालन कार्यक्रम | बारा | कलैया उप-महानगरपालिका |
| ३ | डिजिटल बलान बिहुल | सप्तरी | बलान बिहुल गाउँपालिका |
| ४ | प्रविधिमैत्री शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्रवाह कार्यक्रम | पर्सा | बहुदरमाई नगरपालिका |
| ५ | Studying and earning campaign program for Diploma in Agriculture students from poor and marginalized communities through their involvement in Agricultural modernization, 2079 | सर्लाही | बरहथवा नगरपालिका |
| ६ | विद्युतीय सुशासन तथा द्रुत सार्वजनिक सेवा प्रवाहको सुदृढीकरण | सप्तरी | सप्तकोशी नगरपालिका |
| ७ | कृषि औजार लाइब्रेरी स्थापना परियोजना | सप्तरी | हनुमाननगर कंकालिनी नगरपालिका |

पूर्ण प्रस्ताव पेश गर्ने ठेगानाः

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPIU)

जनकपुरधाम, धनुषा, नेपाल

ईमेलः ppiu.p2@plgsp.gov.np, फोनः०४१-५९१७३३

अनलाइन पूर्ण प्रस्ताव पेश गर्ने ठेगाना https://ipf.plgsp.gov.np/

# जेलमा आक्रमण गरी १४ को हत्या

सिन्ह्वा

मेक्सिको । देशको उत्तरी सिउदाद जाउर्ज सहरमा रहेको कारागारमा अज्ञात बन्दुकधारी समूहले आक्रमण गर्दा दशजना सुरक्षाकमीसहित १४ जनाको ज्यान गएको छ भने अन्य १३ जना घाइते भएका छन् ।



चिउनाहु प्रान्तका प्रान्तीय प्रहरी प्रमुखका अनुसार हातहतियार बोकेर ठूलो सङ्ख्यामा आएको बन्दुकधारीको समूह जेलका सुरक्षाकर्मीमाथि अन्धाधुन्ध गोली प्रहार गरेका थिए । आक्रमणमा घाइते भएकाहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । आक्रमणको फाइदा उठाएर २४ जना बन्दी भागेका छन् । भगौडाहरूको खोजी भइरहेको छ ।

सुरक्षाकर्मीले पनि जवाफी कारबाही गर्दा दुई जना बन्दुकधारी बताइएको छन् । जेलमा थप सुरक्षाकर्मी परिचालन गरेर स्थितिलाई नियन्त्रणमा लिइएको छ । आफ्नो समूहका व्यक्तिलाई छुटाउन कारागारमा आक्रमण भएको अनुमान गरिएको छ ।

# यस वर्ष निर्वाचन गर्ने लिबिया प्रधानमन्त्रीको घोषणा

सिन्ह्वा

त्रिपोली । लिबियाका प्रधानमन्त्री अब्दुल हमेद दिबेबहले लिबियामा यसवर्ष आम निर्वाचन गर्ने तयारी गरिएको बताउनुभएको छ । उहाँले सन् २०२३ मा आम निर्वाचन गर्नेगरी तयारी गरिएको जानकारी दिनुभएको समाचारमा जनाइएको छ ।

उहाँले सन् २०२३ मा निर्वाचन गर्नका लागि सरकार र यहाँको राष्ट्रिय निर्वाचन आयोगले आवश्यक तयारी गरेको जानकारी दिनुभएको हो । यसअघि सन् २०२१ मा पनि त्यहाँ आमनिर्वाचनको तयारी गरिएको थियो । तर त्यहाँका राजनीतिक दलहरुका बीचमा अन्तिममा आएर विवाद बढेपछि आम निर्वाचन रोकिएको थियो ।


प्रधानमन्त्री अब्दुल हमेद दिबेबहले यस वर्ष लिबियाका लागि निर्वाचन वर्ष हुनेछ भन्दै यसका लागि देशका सबै क्षेत्र र वर्गका नागरिक तथा विभिन्न राजनीतिक दल र सबै सङ्घसंस्थाहरुले सहयोग गर्ने बचन दिएका पनि उहाँले बताउनुभयो ।

साथै प्रधानमन्त्री अब्दुल हमेद दिबेबहले लिबियाका हत्या हिंसाको राजनीतिको अन्त्य गरेर विद्रोही समूहहरुलाई पनि शान्ति वार्ताको माध्यमबाट देशको विकासमा सहभागी गराउने उहाँले बताउनुभयो ।

सन् २०११ मा यहाँका नागरिकले गरेको आन्दोलनबाट माउमर गद्दाफिको सत्ता सत्याएपछि लिबियाले प्रजातान्त्रिक शासनका लागि संघर्ष गरिरहेको छ । यहाँ विभिन्न विद्रोही समूहका कारण शान्ति स्थापना गरी देशमा प्रजातान्त्रिक सरकारको स्थापना गर्न सकिरहेको छैन । यहाँ संयुक्त राष्ट्रसङ्घीय सहयोग जारी रहेको छ ।

यसअघि सन् २०२१ मा पनि संयुक्त राष्ट्रसङ्घको प्रयासमा निर्वाचन गर्ने भनिएको भए पनि अन्तिममा सम्भव हुन नसकेको बताइएको थियो । यहाँ सबै राजनीतिक दलको सहभागितामा राष्ट्रिय एकताको सरकार निर्माणको प्रयास निकै पहिलेदेखि जारी रहेको बताइएको छ ।

# बैतडीको पहिलो जित



बैतडी । प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोट अन्तर्गत बैतडीले पहिलो जित निकालेको छ । बैतडीले अछामलाई ९० रनले पराजित गरेको हो ।

मंगलबारको खेलमा बैतडीले दिएको एक सय सात रनको लक्ष्य पछ्याउएको अछाको पारी नौ दशमलव चार ओभरमा १६ रनमा समेटीयो । बलिङतर्फ बैतडीका लागि निर्मला भण्डारीले चार तथा कप्तान रितु कनौजिया र पिङ्की बोहराले दुई/दुई विकेट हात पारे ।

त्यसअघि कैलालीको फाप्ला मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको बैतडीले निर्धारित १५ ओभरमा पाँच विकेटको क्षतीमा एक सय छ रन बनायो । कप्तान रितु कनौजियाले ४१, ममता बोहराले अविजित १९ र निर्मला भण्डारीले अविजित ११ रन बनाइन् । बलिङतर्फ अछामकी रविना साउँद, अस्मिता औजी र कविता सुनारले एक/एक विकेट लिइन् । उक्त खेलको प्लेयर अफ द म्याच बैतडीकी कप्तान रितु कनौजिया घोषित भइन् ।

यसअघि सोमबार बैतडी कञ्चनपुरसँग पराजित भएको थियो । बैतडीले अर्को खेल बुधबार डोटीसँग खेल्नेछ । प्रतियोगितामा सहभागी सात टोलीमध्ये शीर्ष दुईमा पुग्ने टोलीबीच पुस २३ गते फाइनल खेल हुने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव तेजप्रकाश भट्टले जानकारी दिए । प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट सुदूरपश्चिम प्रदेशको टोली बनाइनेछ ।

उक्त टोलीले प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनेछ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता यही पुस २९ गतेदेखि सुनसरीको इटहरीमा हुने तय भएको छ ।रासस

# लागूऔषध मुद्दामा ९७ जनालाई अभियोग



सिन्ह्वा

सिड्नी । अष्ट्रेलियाको सिड्नीमा नयाँ वर्षको दिनको सङ्गीत महोत्सवमा प्रहरीले गरेको कारबाहीपछि ९७ जनालाई लागूऔषध अपराधको अभियोग लगाइएको छ ।

मंगलबार जारी गरिएको विज्ञप्ति अनुसार, न्यू साउथ वेल्स राज्यको पुलिसले आइतवार आयोजित उत्सव कार्यक्रममा लक्षित अपेरसन शुरु गरेको थियो ।

सिड्नीको पूर्वी किनारमा भएको यस कार्यक्रममा २७ हजार भन्दा बढी मानिसहरूलाई आकर्षित भएका समाचारमा जनाइएको छ । सन्तानब्बे जनाले एमडीएमए, एम्फेटामाइन, गाँजा, कोकिन, एक्स्टेसी, एलएसडी, केटामाइन र साइलोसाइबिन लगायतका अवैध लागूऔषध ओसारपसार गरेको प्रहरीले जनाएको छ । तीमध्ये तीन जना लागूऔषध ओसारपसार मुद्दामा पक्राउ परेका छन् ।

एक २१ वर्षीय पुरुषसँग १५ वटा एमडीएमए क्याप्सुल, अर्का एक पुरुषसँग ९ वटा क्याप्सुल र २५ वर्षीया महिलासँग ५ वटा एमडीएमए क्याप्सुल बरामद भएको बताइएको छ ।

# सडक दुर्घटनामा कान्दाहारमा तीन जनाको जनाको मृत्यु, १३ जना घाइते

एएनआई

काबुल । अफगानिस्तानको कान्दाहार प्रान्तमा भएको सडक दुर्घटनामा तीन जनाको मृत्यु हुनाका साथै अन्य १३ जना घाइते भएका छन् ।

टोलो न्यूजले मङ्गलबार जनाएअनुसार स्पिन बोल्दाक जिल्लाका प्रेस अधिकृत मोलवी मुल्लाह मोहम्मद हकमलले घटनाको पुष्टि गर्दै स्पिन बोल्दाक-कन्दाहार सडकमा स्थानीय समय अनुसार साँझ ७:३० बजे सो दुर्घटना भएको बताएका छन् । यद्यपि लापरवाह सवारी हकाइ र तीव्र गति सडक दुर्घटनाको प्रमुख कारण मानिन्छ।

यसैगरी खराब डिजाइन गरिएका सडकहरू, सडक कटान, र ट्राफिक नियमको अवज्ञा आदि सडक दुर्घटनाका प्रमुख कारण हुन् ।

# श्रीलङ्काको अर्थतन्त्रमा क्रमिक सुधार, फस्टाउँदै पर्यटन

सिन्ह्वा

कोलम्बो । आर्थिक अनुशासन कायम गर्ननसक्दा टाट पल्टिएको श्रीलङ्काको अर्थतन्त्रमा पर्यटन क्षेत्रले उल्लेख्य योगदान गरेको छ । सात लाखभन्दा बढी अन्तर ष्ट्रिय पर्यटकले टापु राष्ट्रको भ्रमण गरेका छन् । विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन क्षेत्रमा भएको यो सुधार अघिल्लो महिनाको तुलनामा अधिक भएको पर्यटन विकास प्राधिकरणले बताएको छ ।

गत महिना ९२ हजार पर्यटकले श्रीलङ्का भ्रमण गरेका थिए भने सन् २०२२ मा छ लाख ७८ हजार तीन सय ९२ जना आमोदप्रमोदका निम्ति आएका थिए । कोभिड-१९ महामारीसँगै आर्थिक एवम् राजनीतिक सङ्कटले जकडिएको देशको अर्थतन्त्रलाई उजिल्याउन गठित वर्तमान सरकारले आगामी वर्ष १५ लाख र अर्को वर्ष ३० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको प्राधिकरणले जनाएको छ ।

# जेल आक्रमणमा सत्र जना मारिए

सिन्ह्वा

मेक्सिको । बन्दीहरु राखिएको जेलमा अज्ञात व्यक्तिहरुले आक्रमण गर्दा त्यसमा परी ज्यान गुमाउनेको सङ्ख्या १७ पुगेको बताइएको छ ।

मंगलबार मेक्सिकोको उत्तरी सिउदाद जाउर्ज सहरमा रहेको सो जेलमा बन्दुकधारीहरुले हमला गरेका थिए । सो हमलामा परेर उक्त जेलका दशजना सुरक्षाकर्मी र अरु सात जना बन्दीको ज्यान गएको हो ।

मेक्सिकोको चिउनाहु प्रान्तका प्रान्तीय प्रहरी प्रमुखले उक्त जेलमा केही बन्दुकधारीहरुले जेलका सुरक्षाकर्मीमाथि अन्धाधुन्ध गोली हानेका थिए । जेलका अधिकारीहरुका अनुसार उनीहरु बिहानको समयमा ठूलो संख्यामा आएका थिए र अकस्मात गोली चलाएका थिए ।

# 'काबुलमा चार अपहरणकारी मारिए, व्यापारीको उद्धार'

सिन्ह्वा

काबुल । अफगान प्रहरीले सोमबार अबेर राति काबुल सहरमा चार अपहरणकारीको हत्या गरेपछि एक व्यापारीको उद्धार गरेको काबुलका प्रहरी प्रवक्ता खालिद जाद्रानले मङ्गलबार बताउनु भएको छ । अधिकारीका अनुसार अपहरणकारीहरूको समूहले सोमबार अबेर राति काबुल शहरको तैमानी क्षेत्रबाट एक व्यापारीलाई अपहरण गर्ने प्रयास गरिरहेको थियो ।

तरप्रहरीलेचारअपहरणकारीलाई गोली हानेर व्यापारीलाई उद्धार गरेको थियो । तालिबानद्वारा सञ्चालित कार्यवाहक सरकारले युद्धग्रस्त देशमा अपहरण, लागूऔषध ओसारपसार, सशस्त्र डकैती र आतङ्कवादी जस्ता अपराधी र गैरकानूनी गतिविधिहरूमाथि कारबाही गर्ने वाचा गरेका छन् ।

# सन् २०२२ को विश्व राजनीतिलाई फर्केर हेर्दा

काठमाण्डु । विश्व राजनीतिका विभिन्न आयामहरु कोर्दै सन् २०२२ ले बिदा लिएको छ । यस वर्ष विश्वका विभिन्न देशमा नयाँ राजनीतिक घटनाक्रम निर्माण भए र कतै भत्किए । विश्वको पुरानो प्रजातान्त्रिक मुलुक बेलायतमा दुई महिनामै तीन प्रधानमन्त्री नियुक्त हुनेदेखि पश्चिमा देशहरुको आग्रह र दबाबका बाबजुत पनि रुसले युक्रेनमाथि आक्रमण गर्नेसम्मका राजनीतिक घटनाक्रहरुको पदचाप यस वर्षले छोडेको छ ।

उता अमेरिकी संसद्की सभामुखको अनायासै तय भएको ताइवान भ्रमणका कारण चीनले गरेको विरोधको तरङ्ग पनि विश्व राजनीतिकसँगै ठोक्किन पुग्यो । सन् २०२२ मा भएका यस्तै केही राजनीतिक घटनाक्रम र परिवर्तनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**युक्रेनमाथि रुसको आक्रमण**

सन् २०२१ को मध्यतिरबाटै रुसी राष्ट्रपति पुटिनले युक्रेनमाथि सैन्य हमला गर्न लागेको सूचना अमेरिकी गुप्तचर निकायले दिएको हो । अमेरिकी राष्ट्रपति तथा अन्य पश्चिमा नेताहरुले सो सूचना पछ्याए पनि । उनीहरुले रुसले युक्रेनमा आक्रमण गर्न लागेको बताएका थिए । पश्चिमा सञ्चारमाध्यमले यो समाचार प्रकाशमा ल्याए तर रुसी राष्ट्रपति पुटिनले यसको खण्डन गर्नुभयो । उहाँले रुसले युक्रेनमाथि आक्रमण गर्न लागेको समाचार सत्य नभएको बताउनुभयो ।

त्यसको केही समयपछि नै उहाँले युक्रेनी सीमा क्षेत्रमा ठूलो मात्रामा सेना तैनाथ गर्न आदेश दिनुभएको समाचार एकाएक आयो । रुसले लामो समयदेखि नेटोतर्फ युक्रेनले बढाएको कदमको विरोध गर्दै आएको थियो । करिब चार करोड ४० लाख जनसङ्ख्या रहेको युरोपेली लोकतान्त्रिक मुलुक युक्रेनमाथि जल, थल र आकास गरी तीनतिरबाटै ध्वंशात्मक आक्रमण सुरु गऱ्यो ।

रुसले तर फेब्रुअरीको अन्त्यतिर रुसले युक्रेनको उत्तर, पूर्व र दक्षिणी सीमापारि सेना पठाउन थालेको थियो । त्यसपछि यसअघिका युक्रेनसँगका सबैखाले शान्ति सम्झौता भङ्ग भएको घोषणा गर्दै आक्रमण पनि सुरु गरे ।

रुसी सेनाले सुरुमा किभस्थित बोरिस्पेल अन्तर्राष्ट्रिय विमानस्थलसहित युक्रेनका सहरनजिकै अवस्थित विमानस्थल र सैन्य मुख्यालयमा आक्रमण थालेका थिए । त्यसपछि रुसका सैन्य ट्याङ्कसहितका सैनिकहरू पूर्वोत्तर युक्रेनभरि नै प्रवेश गरे । उनीहरू पूर्वी युक्रेनको करिब १४ लाख जनसङ्ख्या रहेको खार्किभ सहरलाई तारो बनाए र त्यसका लागि उनीहरु छिमेकी बेलारुसको बाटो प्रयोग गरे । दक्षिणतर्फ भने क्राइमियाबाट गए । रुसले युक्रेनमा निकै नै घातक आक्रमण गऱ्यो र यसको क्षति कति हो भन्ने विवरण युक्रेनसँग अहिले पनि पनि छैन । किनभने अहिले पनि त्यहाँ रुसी सेना छ, आक्रमण गरी नै रहेको छ । युक्रेनको राजधानी किभ र खार्किभ क्षेत्र ध्वस्त छ । यहाँको आर्थिक अवस्थाको कुनै लेखाजोखा छैन । वार्ताका माध्यमबाट दुई देशबीचको युद्ध रोक्ने प्रयासहरु जारी नै छन् तर ती सार्थक हुन सकेका छैनन् ।

**अमेरिकी सभामुखको ताइवान भ्रमण**

अगस्तको पहिलो हप्ता अमेरिकी संसद्की सभामुख न्यान्सी पेलोसी ताइवानको भ्रमणमा जानुभयो । चीनका कारण यो भ्रमण निकै विवादास्पद भयो । यस भ्रमणले चीन अमेरिकाबीच कूटनीतिक दरार उत्पन्न गऱ्यो भने यसका कारण विश्व राजनीतिमा नै तरङ्ग उत्पन्न भयो । भ्रमणको प्रतिक्रियास्वरूप ताइवानको आसपास सैन्य अप्रेसन सुरु गरेको चीनले आफ्नो कदमको समर्थन जुटाउन विश्वव्यापी कूटनीतिक पहल थाल्यो ।

विश्वका विभिन्न देशमा रहेका चिनियाँ राजदूतले अमेरिकी सभामुखको भ्रमणको विरोध गर्दै एक चीन नीतिका लागि समर्थन आह्वान गरे । चीनले ताइवानलाई अभिन्न अङ्ग मान्दै आएकाले चीनको सहमतिविना ताइवानको भ्रमणमा गएको भनेर चीनले विरोध गरेको हो ।

सो भ्रमणलगत्तै चीनले भनेको थियो 'संसारमा एउटा मात्र चीन छ, ताइवान चीनको भूभागको अविभाज्य अङ्ग हो । चीनलाई सन् १९७१ को संयुक्त राष्ट्रसङ्घको महासभाको प्रस्ताव २७५८ ले स्पष्ट रूपमा मान्यता दिएको छ । एक चीन सिद्धान्त अन्तर्राष्ट्रिय समुदायको विश्वव्यापी सहमति र अन्तर्राष्ट्रिय सम्बन्धको आधारभूत मान्यता हो ।' अमेरिका चीनबीचको यो विवादले पनि विश्व राजनीतिमा प्रवेश पाएको थियो ।

**इरानमा उग्र प्रदर्शन**

उता इरानमा यस वर्ष सरकारका विरुद्धमा दशकयताकै ठूलो विरोध प्रदर्शन भयो । प्रहरी हिरासतमा एक युवतीको मृत्यु भएपछि सुरु भएको विरोध प्रदर्शनले यहाँ केही दिनमै उग्ररूप लियो । प्रदर्शनका सहभागीहरूले ठाउँठाउँमा आगजनी गर्नाका साथै सडक अवरुद्ध गरेपछि प्रहरीसँग झडप भएको थियो । प्रदर्शनकै क्रममा कम्तीमा २० बालबालिकासहित दुई सयभन्दा बढीको ज्यान गएको थियो ।

सेप्टेम्बरको मध्यतिर कुर्द सहर साकेजमा प्रहरी हिरासतमा लिइएकी २२ वर्षीया महसा अमिनीको प्रहरी हिरासतमा हत्यापछि अन्त्येष्टि भएको दिनदेखि प्रदर्शन सुरु भएको हो । उक्त विरोध प्रदर्शन इरानका धर्मगुरूहरूले पनि ठूलो चुनौती भनेका थिए । प्रदर्शनकारीहरूले सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको सत्ताच्यूतकै माग गरे ।

इरान सरकारले प्रदर्शनमा प्रहरीले गोली नहानेको बताए पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले प्रहरी दमनका कैयौँ दृश्य सार्वजनिक गरेका थिए । इरानले भने सो विरोध प्रदर्शनमा इरानका शत्रुहरुको हात रहेको बतायो । यहाँ महिलामाथि सरकारको दमन, प्रहरीले महिलालाई गर्ने व्यवहारको विषयलाई



प्रदर्शनकारीले उठाए । उनीहरुले नारी सम्मान र महिला अधिकारका विषयमा इरान सरकारले विश्वका अभ्यासहरुबाट सिक्नुपर्ने बहस देशव्यापी बनाए । युवती तथा बालबालिका नै प्रहरी ज्यादतीका विरुद्धमा सडकमा आएकाले सरकारलाई यो प्रदर्शन रोक्न निकै सकस भएको सञ्चारमाध्यमहरुको दाबी थियो ।

**बेलायतमा दुई महिनामा तीन प्रधानमन्त्री**

विश्वको पुरानो प्रजातान्त्रिक देश भनिने बेलायतले यहाँको राजनीतिक इतिहासमा केही दशकयताको एक अस्थिर समय यसै वर्ष सामना गऱ्यो । विवादमा परेका बेलायती प्रधानमन्त्री बोरिस जोनसनले राजीनामा दिनुपरेपछि अर्को प्रधानमन्त्रीको खोजी सुरु भयो नै । कन्जर्भेटिभ पार्टीको संसदीय दलको नेता जितेपछि लिज ट्रसले नयाँ सरकार निर्माणको अनुमति महारानी एजिलावेथबाट पाउनुभयो । तर उहाँले पनि ४५ दिनमा नै राजीनामा दिनुपर्ने अवस्था आयो । त्यसपछि आउनुभयो सो पार्टीका अर्का नेता ऋषि सुनक ।

प्रधानमन्त्री बोरिस जोनसनबारे सन् २०२१ को नोभेम्बरमा पार्टीगेट काण्डको रिपोर्ट सार्वजनिक भयो । उक्त रिपोर्टमा कोभिड- १९ को सङ्क्रमणबीच पूरै लन्डनमा लकडाउन हुँदा प्रधानमन्त्रीको कार्यालयमा भने पार्टीको आयोजना गरेको तथ्य देखाइएको थियो । लन्डनवासीहरूलाई घरबाट बाहिर निस्किनसमेत नदिइरहेको बेला प्रधानमन्त्रीको कार्यालयमा भने पार्टी गरिरहेको समाचार सार्वजनिक भयो र यसपछि यहाँका सामाजिक सञ्जालमा प्रधानमन्त्रीको विरोध व्यापक भयो । यो विरोधको सुरुआत थियो र त्यसपछि पनि पटकपटक प्रधानमन्त्री जोनसनका विभिन्न काण्ड सार्वजनिक भए । विवादास्पद बन्दै गएपछि उहाँ राजीनामा दिन बाध्य हुनुपऱ्यो ।

यसबीच जोनसनपछि प्रधानमन्त्री को हुने भन्ने छलफल पार्टीभित्र सुरु भयो । गएको सेप्टेम्बर महिना त बेलायतको एक कठिन समय थियो । भर्खरै महारानी एलिजावेथ द्वितीयको देहान्त भएको थियो भने उता सरकारले स्थायित्व पाउन सकेको थिएन ।

रुस युक्रेन युद्धले मुद्रास्फीति बढेको उता बेलायतले सामना गरेको धेरैजसो आर्थिक सङ्कट सन् २०१६ मा युरोपियन युनियनबाट बेलायत छुट्टिएपछिको हो । ब्रेक्जिटपछि आर्थिक सङ्कटले बेलायतलाई झनै गाँजेको देखिएको छ । त्यसैबेला प्रक्रियाअनुसार एक सय सांसदको समर्थन पाएका सांसदहरूबीच प्रतिस्पर्धा हुने र प्रधानमन्त्री चुनिने भयो । जुलाई २०२२ मा जोनसनको राजीनामापछि दुई नेता लिज ट्रस र ऋषि सुनक प्रधानमन्त्रीको दाबेदार हुनुभयो ।

अनलाइन भोटिङबाट ५७ प्रतिशत मत प्राप्त गर्दै ट्रस बेलायतको प्रधानमन्त्री बन्नुभयो । उहाँले महारानी एलिजावेथ द्वितीयाबाटै प्रधानमन्त्रीको शपथ लिन पाउनुभयो । त्यसलगत्तै २३ सेप्टेम्बरमा उहाँले नयाँ आर्थिक योजना कर कटौतीको विषय सार्वजनिक गर्नुभयो । बेलायतको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने उहाँको दाबी थियो । उहाँले झन्डै ५० वर्षपछि यस्तो कर कटौतीको नयाँ योजना ल्याउनुभयो । धनीहरूका लागि कर कटौती कम गर्ने र पछि पैसा बिस्तारै तल्लो वर्गसम्म पुऱ्याउने उहाँको यो योजना सफल मानिएन । यसको निकै आलोचना भयो । उक्त नीतिको घोषणासँगै ब्रिटिस पाउन्डको मूल्य तल झर्दै अहिलेसम्मकै सबैभन्दा तल्लो विन्दुमा पुग्यो । ब्याजको दर बढ्यो । उहाँको यो नयाँ योजना सफल हुने नदेखिएपछि उहाँ पनि राजीनामाकै लाइनमा उभिन बाध्य हुनुपऱ्यो ।

त्यसपछि अक्टोबर २५ मा कन्जरभेटिभ पार्टीका नेता ऋषि सुनक नयाँ प्रधानमन्त्री नियुक्त हुनुभयो । उहाँ भारतीय मूलका पहिलो प्रधानमन्त्री हुनुहुन्छ । सुनक पूर्वी अफ्रिकाबाट बेलायतमा बसाइँ सरेका भारतीय मूलका आमाबाबुका सन्तान हुनुहुन्छ । उहाँ हिन्दू धर्मावलम्बी, अक्सफोर्ड र स्ट्यानफोर्ड विश्वविद्यालयका पूर्वछात्र हुनुहुन्छ ।

**महिला शिक्षामा तालिबानको रोक**

अफगानिस्तानको तालिबान सरकारले यहाँका महिलालाई विश्वविद्यालय अध्ययन गर्न नपाउने गरी प्रतिबन्ध लगायो । वर्षको उत्तरार्द्धमा अफगानिस्तानको उच्च शिक्षा मन्त्रालयले महिलालाई विश्वविद्यालय प्रवेशमा रोक लगाइएको सूचना अकस्मात प्रकाशन गऱ्यो । मन्त्रालयले सार्वजनिक तथा निजी विश्वविद्यालयलाई पठाएको पत्रमा महिलालाई विश्वविद्यालयमा पहुँच नदिन निर्देशन दिइएको छ । तालिबान सरकारले विश्वविद्यालयमा महिलालाई प्रवेश नदिन पनि कडाइ गरेको छ ।

तालिबान सरकारको यो कदमको संयुक्त राष्ट्रसङ्घ, अमेरिका र बेलायतले विरोध गरेका छन् । तालिबानले भने राष्ट्रिय हित तथा महिलाको सम्मानको संरक्षण गर्ने भन्दै आफ्नो निर्णयको बचाउ गरेको छ । तालिबानले यसअघि नै अधिकांश माध्यमिक विद्यालयमा महिलालाई अध्ययनमा प्रतिबन्ध लगाइसकेको छ ।

अफगानिस्तानका विषयमा उता संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा छलफल जारी रहेको थियो । त्यसै समयमा यता तालिबानको यस्तो निर्णय आएको हो । सुरक्षा परिषद्को बैठकमै अमेरिका र बेलायतका राजदूतहरुले तालिबानको उक्त कदमको कडा विरोध गरेका थिए । राष्ट्रसङ्घका प्रवक्ता स्टिफेन डुजारिकले तालिबानले आफ्नो यसअघिको प्रतिबद्धताको उल्लङ्घन गरेको भन्दै उसले यो पछिल्लो निर्णय सच्याउनुपर्ने बताउनुभयो । गत वर्ष तालिबानले सत्ता कब्जामा लिएपछि महिला अधिकारको सम्मान गर्ने बताएका थिए । त्यसलगत्तै तालिबान सरकारले विश्वविद्यालयले महिला र पुरुषका लागि बेग्लाबेग्लै कक्षा सञ्चालन पनि थालेको थियो । त्यहाँका छात्रालाई महिला वा पाको उमेरका शिक्षकले मात्रै पढाउने व्यवस्था गरेका थिए । तर पछिल्लो समयमा तालिबानले आफ्ना कट्टरपन्थी नियमहरु लागू गर्दै गएका छन् । उनीहरुका अतिवादी नियमनमा महिलाहरु पनि परेका छन् ।

**श्रीलङ्काको सङ्कटपूर्ण अर्थ राजनीति**

श्रीलङ्काको आर्थिक अवस्था अहिले पनि जर्जर छ । पछिल्ला केही महिना केही सुधार भएको भनिए पनि अवस्था पूरै नसुध्रिएको विभिन्न प्रतिवेदन बताउँछन् । सन् २०२२ मा यसको पूर्ण असर देखियो र देशको आर्थिक समस्याका धेरै पाटाहरु बाहिरै देखिने गरी आए ।

यहाँको आर्थिक समस्या सन् २०१९ मा गोटाबाय राजापाक्षेले शक्ति हातमा लिनु अगावै सुरु भएको थियो । सन् १९७७ पछिका सबै सरकारले ऋणको कमजोर जगमा देश निर्माण गर्दै गएका तथ्यहरु सन् २०२२ मा आएर खुले । निर्यातभन्दा आयातको आकार निकै ठूलो हुँदा अर्थतन्त्र दबाबमा पर्दै गयो । प्रगतिशील भनिएका खर्चिलो कल्याणकारी योजनाले घाटा झन् बढ्यो । जसको पूर्ति गर्न उच्च ब्याजमा ऋण लिन थालियो । यही ऋणले वैदेशिक रिजर्भ घट्नेदेखि धेरैतिर असर गऱ्यो ।

अन्तर्राष्ट्रिय संस्थाहरूको सुझाव तथा चेतावनी विपरीत सन् २०१९ मा व्यापक कर कटौती योजना लागू गरिएको थियो । यो नयाँ नीतिपछि दुई वर्षमा सरकारको आम्दानी २० खर्बभन्दा धेरैले घट्न पुग्यो । त्यसलगत्तै कोभिड सुरु भयो र यसले पर्यटन र रेमिट्यान्स पनि सुक्न थाल्यो । आयातमा प्रतिबन्ध लगाउने तथा ऋणको सर्त बदल्न अन्तर्राष्ट्रिय मुद्राकोष जाने प्रयास तत्कालै थालिएन जसको कारण मुलुकको अर्थतन्त्र ध्वस्त हुन पुग्यो ।

डलरको सञ्चिति सकिएपछि श्रीलङ्काले धेरै थरी समस्या भोग्नुपऱ्यो । इन्धन, खाद्यान्न र औषधिसमेत आयात गर्न नसक्ने अवस्था सन् २०२२ मा पनि देखियो । इन्धन ल्याउन नसक्दा सडकमा सवारीसाधन गुड्न छोडे भने यसबाट अधिकांश विद्यालयसमेत बन्द भए ।

सवारी नपाएर बिरामी अस्पताल जान नसक्ने, स्वास्थ्य संस्थाहरूमा औषधी र अत्यावश्यक उपचार सामग्री अभाव हुने, औषधी र उपकरण अभावका कारण शल्यक्रियासमेत रोकिने मात्र नभएर मानिसलाई छाक टार्ने समस्या पर्ने अवस्था आयो । अहिले पनि संयुक्त राष्ट्रसङ्घले श्रीलङ्काले 'भयानक मानवीय सङ्कट' झेलिरहेको छ । आर्थिक समस्याका कारण नै राष्ट्रपतिले देश छोड्नुपर्नेदेखि अनेक राजनीतिक सङ्कटहरु यस देशलाई आइलाग्यो ।रासस

# तोरीखेतीमा अनुदान

खोटाङ । केपिलासगढी गाउँपालिकाले व्यावसायिकरूपमा तोरी खेती गर्ने किसानलाई अनुदान उपलब्ध गराउने भएको छ । गाउँसभाबाट स्वीकृत आर्थिक वर्ष २०७९/८० को कृषि विकास कार्यक्रमअन्तर्गत गाउँपालिकाले व्यावसायिकरूपमा तोरीखेती गर्ने किसानलाई खेती गरेको जग्गाको क्षेत्रफल र उत्पादन भएको तोरीको मात्राका आधारमा अनुदान उपलब्ध गराउने भएको हो ।

व्यावसायिक तोरीखेतीका माध्यमबाट किसानलाई स्वरोजगार बनाउँदै आयातित खाने तेललाई विस्थापित गर्ने लक्ष्यका साथ तोरीखेती गर्ने किसानलाई अनुदान दिने कार्यक्रम ल्याएको गाउँपालिका प्रमुख समिर राईले बताउनुभयो । "किसानलाई व्यावसायिकरूपमा तोरीखेती गर्न उत्प्रेरित गर्ने, तोरीको उत्पादन बढाउने, बजारीकरण गर्ने र गाउँपालिकालाई खाने तेलमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ तोरी किसान अनुदान कार्यक्रम अघि सारिएको हो", उहाँले भन्नुभयो, "गाउँपालिकाको गौरवको योजनाका रूपमा ल्याइएको तोरीखेती प्रवर्द्धन कार्यक्रमले कृषकको आयआर्जनमा टेवा पुग्नुका साथै वातावरण सन्तुलनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।"

गाउँपालिकाको अनुदान पाउन किसानले कम्तीमा तीन रोपनी जग्गामा तोरीखेती लगाउनुपर्ने छ वा कम्तीमा दुई मुरी तोरी उत्पादन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । गाउँपालिका प्रमुख संयोजक रहेको अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा कृषक, कृषि फार्म र कृषक समूहलाई बैंक खातामा अनुदान उपलब्ध गराइने तोरीखेती प्रोत्साहन अनुदान कार्यक्रम तयार गरिएको हो । कम्तीमा तीन रोपनी वा सोभन्दा बढी जग्गामा तोरीखेती लगाउने किसानलाई प्रतिरोपनी रु एक हजार र कम्तीमा दुई मुरी वा सोभन्दा बढी तोरी फलाउने किसानलाई प्रतिमुरी रु दुई हजार पाँच सयका दरले बिनाशर्त अनुदान उपलब्ध गराउने तयारी गरिएको कृषि शाखाले जनाएको छ । अनुदान पाउनका लागि कम्तीमा तीन रोपनी जग्गामा तोरीखेती लगाउनुपर्छ अथवा कम्तीमा दुई मुरी तोरी उत्पादन गर्नुपर्ने हुन्छ ।

तीन रोपनीभन्दा थोरै जग्गामा दुई मुरी तोरी उत्पादन गर्ने किसानले पनि अनुदान पाउने गाउँपालिकाले जनाएको छ । जग्गाको क्षेत्रफलका आधारमा अनुदान लिने कि तोरी उत्पादन गरेर मुरीको आधारमा अनुदान लिने भन्ने छनोट किसानको हुनेछ ।

प्रतिरोपनी जग्गा बराबरको अनुदान लिने वा तोरीको मुरीको आधारमा अनुदान लिने निर्णय किसानको हुने जनाइएको छ । खपत भएपछि बाँकी रहेको तोरीको तेललाई निर्यात गर्ने लक्ष्य राखिएको गाउँपालिका प्रमुख राईले बताउनुभयो । सात वडा रहेको केपिलासगढी गाउँपालिकाका सबैजसो ठाउँमा तोरीखेती हुने कृषि शाखाले जनाएको छ । कतिपय किसानले तेलकै लागि तोरीखेती लगाउने गरेका छन् ।

खाने तेलमा आत्मनिर्भर भएको खण्डमा वार्षिक करिब रु सात करोड रकम गाउँपालिकामै रहने देखिएको वडा नं १ फेदीका स्थानीय बासिन्दा एवं नेकपा (माओवादी केन्द्र)का युवानेता लक्ष्मण साम्पाङले बताउनुभयो । हालको जनसङ्ख्यालाई आधार मान्दा केपिलासगढीमा वार्षिक रु छ करोड ५० लाखदेखि रु सात करोडको हाराहारीमा खाने तेल भित्रिने गरेको गाउँपालिकाको तथ्याङ्कले देखाएको छ ।

खाने तेलमा बाहिरिने रकमलाई आफ्नै पालिकामा राख्ने वातावरण बनाउन तोरीखेती गर्ने कृषकलाई अनुदान उपलब्ध गराउने कार्यक्रम ल्याइएको गाउँपालिका उपप्रमुख गुरुराज राईले बताउनुभयो । "प्राङ्गारिक तोरीको तेललाई गाउँपालिकाको पहिचानका रूपमा स्थापित गर्ने लक्ष्यसमेत राखिएको छ । विशेषगरी हामीले युवापुस्तालाई आफ्नै गाउँमा स्वरोजगार बनाउन अभियान सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "निर्वाहमुखी कृषि प्रणालीलाई उत्पादनसँग जोडेर कृषकको आयआर्जनमा वृद्धि गर्दै गरिबी घटाउने गाउँपालिकाको योजना हो ।"

तोरीखेती प्रोत्साहन अनुदान कार्यक्रमका लागि गाउँपालिकाले तोरीखेती सूचीकरण फारमदेखि निवेदनको ढाँचासमेत तयार पारेको छ । अनुसूची फाराममा किसानको नाम, ठेगाना, कित्ता नम्बर, क्षेत्रफल उल्लेख गर्नुपर्ने छ । तोरीखेती प्रोत्साहन अनुदानका लागि दुई सयभन्दा बढी किसानको आवेदन परेको गाउँपालिकाले जनाएको छ । केपिलासगढी गाउँपालिका तोरी उत्पादनका लागि उपयुक्त भूगोल भएको कृषिविज्ञहरूले बताएका छन् । पछिल्लो समय जिल्लाका दशवटै स्थानीय तहले आ–आफ्नो क्षेत्रमा परम्परागतरूपमा गर्दै आइएको निर्वाहमुखी कृषि प्रणालीलाई विस्थापित गर्दै उत्पादनमुखी कृषि प्रणालीलाई जोड दिएका छन् । जिल्लाका हरेक स्थानीय तहले पकेट क्षेत्र निर्धारण गरेर 'एक गाउँ, एक उत्पादन' कार्यक्रम लागू गरेका छन् ।रासस

# सुपारी खेतीबाट मनग्य आम्दानी



झापा । कम लगानीमा बढी आम्दानी हुने भएको हुँदा झापामा सुपारी खेतीतर्फ किसानको आकर्षण बढेको छ । जिल्लाको उत्तरी भेगतिर धानखेत मासेर सुपारी खेती विस्तार गर्ने लहर नै चलेको छ ।

एकपटक लगाएपछि पुस्तासम्म दीर्घकालीन आम्दानीको स्रोत बन्ने सुपारीको फलदेखि पातसमेत बोटबाटै बिक्री हुन्छ । जिल्लामा दुई हजार छ सय ३१ हेक्टर जमिनमा सुपारी खेती भइरहेको तथ्याङ्क छ । मेचीनगर नगरपालिका–४ बाहुनडाँगीमा ३७ वर्षदेखि सुपारी खेती गर्दै आउनुभएका राजेन्द्र मिश्रले धानखेतीको तुलनामा सुपारी खेतीबाट दश गुणा बढी आम्दानी हुने बताउनुभयो ।

उहाँले डेढ बिघा जमिनमा सुपारी खेती गर्नुभएको छ । थप केही बिघामा सुपारीको बिरुवा रोप्ने तयारी गरिरहनुभएको छ । उहाँले सुपारीको फलबाट मात्र वर्षमा खर्च कटाएर वार्षिक रु तीन लाख आम्दानी गरिरहेको जनाउनुभयो ।"कुलो नलाग्ने पाखो एक बिघा जग्गामा ५० मन धान फलाउन ४० मन धानको खर्च लगानी गर्नुपर्छ", धानसँग सुपारी खेतीको आम्दानी दाँज्दै उहाँले भन्नुभयो, "सुपारी खेतीमा तीन लाख आम्दानी गर्न रु २० हजार जति मलजलमा लगानी गरे पुग्छ ।" उहाँले धानखेती मासेर सुपारीको खेती गर्नुभएको हो ।

सुपारी नगदे बाली हो । बोटमा फल लाग्न थालेपछि खरिद गर्ने व्यपारी अग्रिम दाम बुझाउन आउने गर्छन् । बिरुवा लगाएको छ वर्षपछि आम्दानी दिने यसको खेती विस्तार र प्रवर्द्धन गर्न सरकारले पनि विभिन्न कार्यक्रम ल्याउने गरेको छ ।

सुपारी बारीभित्रै तोरी, फिलुङ्गे, आलस, पान, मरिच, कागती, निम्बु, बेसार, अदुवालगायतका विभिन्न प्रकारका घाँस, कोसेबाली र तरकारी खेती लगाउन सकिन्छ । एकै सिजनमा विभिन्न बाली लगाउने यो प्रचलनलाई तीनतले खेती पनि भन्ने गरिएको छ । जिल्लामा सुपारी खेती प्रवर्द्धनका लागि सरकारले सुपारी जोन परियोजना लागू गरेको छ । सुपारी जोनमा आबद्ध किसानलाई खेती विस्तार, मल, सिँचाइ, उपकरण र बजारीकरणका लागि सरकारले अनुदानसमेत दिने गरेको झापाको सुपारी जोनका निवर्तमान अध्यक्ष कृषक नीलकण्ठ तिवारी बताउनुहुन्छ । यसवर्ष झापामा सुपारी दाना प्रतिकेजी रु ५० देखि ९५ सम्ममा बोटबाटै बिक्री भएको छ । बजारको अभाव छैन । भारतबाट व्यापारीहरू सुपारी किन्न घरघरमै आउँछन् ।

सुपारीको दानाबाट मात्र होइन, पातबाट समेत आम्दानी हुने गरेको छ । मेचीनगर, बुद्धशान्ति र अर्जुनधाराकाा दर्जनौँ स्थानमा सुपारीको पातबाट उत्पादन हुने दुना–टपरी उद्योग सञ्चालनमा छन् । उद्योगले किसानको घरमा पुगेर सुपारीको पात प्रतिगोटा रु दुईमा किनेर लैजाने गरेको तिवारीले बताउनुभयो । यहाँ उत्पादित सुपारीको पातका दुना, टपरी, थाल, बटुका र चम्चाले मुलुकका ठूला तारेहोटलदेखि युरोपसम्म आकर्षक बजार पाउने गरेको छ ।

जिल्लाको उत्तरी चुरे पहाडी शृङ्खलासँग जोडिएको तराईको भिरालो जमिनमा सुपारी असाध्य फस्टाउने गरेको छ । यहाँ जङ्गली हात्तीको उपद्रो बढी भएकाले किसान हात्तीले नखाने बालीको रूपमा सुपारी र चियाको खेती गर्छन् ।

सुपारी जोनमा आबद्ध कृषि फार्म अर्थात् कृषक समूहलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले गोदाम निर्माण, उद्योग स्थापना र विभिन्न कृषि औजारमा ५० देखि ७५ प्रतिशत अनुदान दिने गरेको तिवारीले बताउनुभयो ।

परियोजनाले धान, रबरसँगै विसं २०७५ देखि सुपारी जोनसमेत सञ्चालनमा छ । सबैभन्दा बढी सुपारी उत्पादन हुने जिल्ला भएकाले सरकारले यहाँ सुपारी जोन कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ ।रासस

# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै पोखराका पर्यटन व्यवसायी उत्साहित



पोखरा । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अङ्ग्रेजी नयाँ वर्ष २०२३ को पहिलो दिन अर्थात पुस १७ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेसँगै पोखरेलीहरुले साढे चार दशकपछिको सपना पूरा भएको छ । विमानस्थल सञ्चालनमा आएसँगै पोखराका पर्यटन व्यवसायी पनि निकै उत्साहित भएका छन् ।

नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी सदस्य एवं अग्रज पर्यटन व्यवसायी वासु त्रिपाठीले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सारा पोखरेलीको साझा सपना पूरा हुँदा निकै खुसी लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "विसं २०३२ मा तत्कालीन अञ्चलाधीश डा शङ्करराज पाठकले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पना गर्नुभएको थियो ।

"उहाँको ऊर्जाशील क्षमताले तत्कालीन समयमा जग्गा अधिग्रहण सम्भव भयो, निरन्तरका प्रयासपछि आज पोखरेलीको सपना पूरा भयो", उहाँले भन्नुभयो । विमानस्थल सञ्चालनमा आएसँगै पोखरामा विशेष गरी भारतीय धार्मिक पर्यटकको आगमन बढाउन सहयोगी हुने उहाँको विश्वास छ । साथै गण्डकी प्रदेश र समग्र नेपालको पर्यटनका साथै आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ । अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पोखराबासीको विकासप्रतिको एकीकृत धारणाले मात्र सम्भव भएको उहाँको बुझाइ छ ।

पोखरा क्षेत्रीय विमानस्थल निर्माण सरोकार समितिले २०६८ चैत ११ मा विज्ञप्ति जारी गरी सङ्घर्षको आन्दोलन सुरु गरेको थियो । आन्दोलनमा एक सय ५१ श्रृखङ्लासम्म दुई हजार चार सय दुई जनाले रिले अनसन बसेका थिए । सो समयमा आफूलगायतका केही व्यक्तिले आमरण अनशन बस्न तयार भएको भन्दै नामसमेत लेखाएको त्रिपाठीले स्मरण गर्नुभयो । तत्कालीन समयमा पाँच सय वटा कारले काठमाडौँसम्म दबाबमूलक यात्रा गरेर नेपाल नागरिक उडड्यन प्राधिकरण घेरा हालेको अनुभव पनि उहाँसँग छ । आधुनिक पोखरासँगै यसको निर्माणमा पूर्वपर्यटन मन्त्री स्व रवीन्द्र अधिकारीको योगदान बिर्सन नहुने त्रिपाठीको भनाइ छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ राष्ट्रिय गौरबको आयोजना यति छिटो पूरा भएर उद्घाटन हुनु आफैमा गर्वको विषय भएको जनाउँदै अब पोखराको पर्यटनले गति लिनेमा आफू विश्वस्त भएको बताउनुभयो । "पोखरामा विमानस्थल निर्माणलाई तत्काल नै नाफा/घाटा हेरेर हुँदैन, यसले यहाँको आर्थिक विकासमा दीर्घकालीनरुपमा कसरी लाभ हासिल गर्न सकिन्छ भन्ने विषयमा अबको बहस केन्द्रित गर्नुपर्छ", श्रेष्ठले भन्नुभयो ।

उहाँले अन्तर्राष्ट्रियतर्फ बुध्द एयरले पोखराबाट भारतका विभिन्न तीन गन्तव्यमा उडानका लागि पहल गरेको र अन्य एयरलाइन्सले पनि पोखराबाट उडानका लागि चासो देखाएको भन्दै सरकारले विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो ।

रेष्टुराँ एण्ड बार एशोसियशन (रेवान) पोखराका अध्यक्ष नरेश भट्टराईले विमानस्थलको औपचारिक सञ्चालनले नयाँ वर्षको आगमनसँगै पोखरेलीमा थप खुसी सञ्चार गराएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो सानो प्रयास र सङ्घर्षले बनेको छैन, यहाँ दिनरात नभनी पोखरेलीको अनवरत रिले अनशन र विकासप्रतिको साझा सङ्कल्पले सफल भएको हो ।"

उहाँले विमानस्थल सञ्चालनमा आउन सक्ने चुनौतीलाई सुरुदेखि व्यवस्थित गर्दै लानसके यो सफल विमानस्थलको रुपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो । सरकारले दिगोपर्यटन विकासका लागि निजी क्षेत्रको सहभागितामा थप रणनीतिक कार्ययोजना बनाएर पर्यटकीय गतिविधि बढाउन तर्फ ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टस (नाट्टा) गण्डकीका अध्यक्ष हरिराम अधिकारीले विमानस्थल सञ्चालनसँगै पोखराको पर्यटन क्षेत्र लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । "अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भयो, हवाईमार्गले अब पोखरालाई विश्वसँग जोड्ने छ । दिगो पर्यटनका लागि योसँगै अझै थप पूर्वाधार जरुरी छ", अधिकारीले भन्नुभयो ।

पोखरा पर्यटकका लागि उत्कृष्ट गन्तव्य भएकाले अब सिधैँ विदेशी पर्यटक पोखरा आएर हिमशृङ्खलाको दृश्यवलोकनसँगै तालतलैया र स्वच्छ वातावरणमा रमाउन पाउने र आकर्षक गन्तव्यको रुपमा थप विकास हुने विश्वास व्यक्त गर्नुभयो । "नेपाल भन्ने वित्तिकै विदेशीले पहिले पोखरा सम्झने गर्थे अब सिधैँ हवाईमार्गबाट पोखरा घुम्न आउने बाटो खुलेको छ, हामी आशावादी छौँ पोखराको पर्यटनले पक्कै उचाइ चुम्ने छ", अधिकारीले भन्नुभयो ।

लेखनाथ होटल तथा रेष्टुरेन्ट एशोसियशनका पूर्व अध्यक्ष दामोदारभक्त थापाले अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै लेखनाथको पर्यटन प्रवर्द्धन र विकास हुनेमा आशावादी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नयाँ विमानस्थलसँग लेखनाथको बेगनासम्मको दुरी जम्मा १० किलोमिटर छ, यसले साततालको सुन्दरता बोकेको लेखनाथमा पर्यटकीय गतिविधि पक्कै बढाउने छ ।"

उहाँले पोखराको लेकसाइड र लेखनाथको बेगनास समदुरीमा रहेको र सरकारले समभाव राखेर पूर्वाधार विकास गर्नुपर्ने जोड दिनुभयो । ग्रेटर पोखराको अवधारणा अनुरुप कहाँ लगानी गर्दा पर्यटनमा दिगो विकास हुन्छ त्यसतर्फ ध्यान दिन उहाँको आग्रह छ ।

"अहिले लेखनाथको माझिकुना आन्तरिक तथा बाह्य पर्यटकका लागि आर्कषक गन्तव्य बन्दै गएको छ तर त्यहाँसम्म जाने सडक पूर्वाधार बन्न सकेको छैन", उहाँले भन्नुभयो, "यसले एकपटक गएको पर्यटक अर्कोचोटी जान गाह्रो मान्न सक्छन् त्यसैले सडक पूर्वाधारलाई प्राथमिकता दिन जरुरी छ ।" उहाँले लेखनाथबाट विमानसथल जान ट्राफिक जाम नहुने र सहज हुने भएकाले पनि अब पर्यटकको रोजाइँमा लेखनाथ पर्ने उहाँको विश्वास छ ।

धार्मिक, सांस्कृतिक, प्राकृतिक, साहित्यिक एवं ऐतिहासिक रुपले रहेकाले पनि अबका दिनमा लेखनाथ उत्कृष्ट पर्यटकीय गन्तव्य बन्दै जाने बताउनुभयो । राष्ट्रिय गौरवको आयोजना अन्तर्राष्ट्रिय विमानस्थलाई प्रभावकारी सञ्चालन गरेर देशकै गर्व गर्न लायक विमानस्थलको रुपमा विकास गर्नुपर्ने र सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने उहाँको भनाइ छ ।

चीनको एक्जिम बैंकको ७५ प्रतिशत ऋण र २५ प्रतिशत अनुदानमा करिब रु २२ अर्बको लागतमा विमानस्थल निर्माण भएको हो । विमानस्थल करिब तीन हजार सात सय रोपनी क्षेत्रफलमा निर्माण भएको छ ।रासस

# नेप्से परिसूचकमा झिनो अंकको गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार उतारचढावपूर्ण अवस्थामा रहेको बजारमा नेप्से परिसूचक तीन दशमलब शून्य तीन अङ्कले ओरालो लागेर दुई हजार ६० दशमलब शून्य छ मा झरेको छ । मंगलबारको कारोबारमा ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलब ३९ अङ्कले ओरालो लागेर तीन सय ९४ दशमलब ६२ मा सीमित भएको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्य नौ उपसमूहको शेयर मूल्य घट्दा आउँदा चार उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । नेप्सेका अनुसार कारोबार भएकामध्ये एक सय सात कम्पनीको शेयर मूल्य बढेको छ ।

यस्तै, एक सय दुई उपसमूहको शेयर मूल्य ओरालो लाग्दा तीन उपसमूहको शेयर मूल्यमा कुनै परिवर्तन भएन । कूल ८२ लाख २२ हजार आठ सय ३३ कित्ता शेयर रु तीन अर्ब ४५ करोड ८० लाख ८९ हजार सात सय ८७ बराबरको कारोबार भयो ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४३ करोड १९ लाख ६४ हजार दुई सय ३६ बराबरको कारोबार भयो । एनआइसी एशिया बैंक रु नौ करोड ६६ लाख ९५ हजार, सानिमा बैंक रु नौ करोड ४९ लाख १२ हजार आठ सय १४, हिमाल दोलखा हाइड्रोपावर रु आठ करोड १७ लाख ९४ हजार चार सय ५२ र नेपाल पुनरबीमा कम्पनी रु आठ करोड तीन लाख ४२ हजार आठ सय १८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार विभिन्न चार कम्पनीको शेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । जसमा श्वेत गङ्गा हाइड्रोपावर,धौलागिरि लघुवित्त, खप्तड लघुवित्त, अजोड इन्स्योरेन्स छन् । यस्तै, नेरुडे लघुवित्तको शेयर मूल्य सात दशमलब ७३ प्रतिशतले बढेको छ । त्यस्तै, विन नेपाल लघुवित्त पाँच दशमलब ५९, बोटलर्स नेपाल तराई लघुवित्त पाँच दशमलब ५४, दोर्दी खोला जलविद्युत् तीन दशमलब ४४, पिपल्स पावर कम्पनी तीन दशमलब ४० र हिमालयन बैंकको शेयर मूल्य तीन दशमलब ३२ प्रतिशतले घटेको छ ।


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२०**

स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि २०७९ को दफा ६(१) तथा गाउँ कार्यपालिकाको मिति २०७९/०९/१८ गतेको निर्णयानुसार यस लक्ष्मीनियाँ गाउँपालिका कृषि शाखाको लागि तपसिलको १(एक) पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १/२०७९-०८० | कृषि स्नातक | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह वा सो सरह उर्त्तिण गरेको | |

१. **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
२. **दरखास्त दिने स्थानः** लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय, लक्ष्मीनियाँ बजार, धनुषा ।
३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०९/२६ गते
४. **आवेदन दस्तुरः** रु. १०००।- (रु. एक हजार मात्र)
५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र अन्तर्वाता ।
६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपी ।
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
   ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
   ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
   घ) कामसँग सम्बन्धीत अनुभव भए सोको कागजात
   ङ) हालसालै खिचेको पासपोर्ट साईजको फोटो-२ प्रति
७. सेवा सुविधा तथा शर्तः स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ ।
८. आवेदन फारामको ढाँचा तथा पदपुर्ति सम्बन्धी अन्य जानकारी यस गाउँपालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ । सम्पर्क नं. ९८६१०१२०४६

**प्रमुख प्रशासकीय अधिकृत**


# मेलम्चीको पानी वितरणका लागि दोस्रो चरणको सञ्जाल निर्माण

काठमाण्डु । मेलम्चीको पानी वितरणका लागि काठमाण्डु उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) आयोजना कार्यान्वयन निर्देशनालयले दोस्रो चरणमा सात सय ९६ किमी वितरण सञ्जाल निर्माण गरिरहेको छ ।

बालुवाटार, स्वयम्भू, मण्डिखाटार र कपन क्षेत्रमा निर्माण भइरहेको सात सय ९६ किमी वितरण सञ्जालमध्ये चार सय २७ किमीको काम सकिएको निर्देशनालयका प्रवक्ता चन्द्रकुमार पाँ श्रेष्ठले राससलाई जानकारी दिनुभयो । बाँकी काम पनि चालू आर्थिक वर्षको अन्त्यसम्म सकिने उहाँको भनाइ छ । वितरण सञ्जालमा चारवटा निर्माण कम्पनीले काम गरिरहेका छन् । स्वयम्भू क्षेत्रमा शर्मा/रमा जेभी, बालुवाटार क्षेत्रमा धुम्/ टिम्स्/ कुमार/ सिएभी/क्याब जेभीले काम गरिरहेको निर्देशनालयले जनाएको छ ।

यसैगरी मण्डिखाटार क्षेत्रमा वितरण सञ्जाल निर्माणमा टुँडी कन्स्ट्रक्सनले काम गरिरहेको छ । कपन क्षेत्रमा भने लिपेल/सैलुङ जेभीले काम गरिरहेको छ । कुल रु सात अर्ब ३६ करोड तीन लाख ८४ हजार लागतमा दोस्रो चरणको सात सय ९६ किमी वितरण सञ्जालको काम भइरहेको हो ।रासस

# सेतुमारी बजारको अस्तित्व नै सङ्कटमा

दमक । झापाको दमक–१० सेतुमारीमा एक दशकअघिबाट सुरु गरिएको सेतुमारी बजारको अस्तित्व नै सङ्कटमा पर्दै गएको छ । स्थानीय कृषि उत्पादनको सहज बजारीकरण गर्ने उद्देश्यले विसं २०६७ बाट बजार सञ्चालनमा ल्याइएको थियो ।

आफ्नै उत्पादन आफ्नै बजारको अवधारणाअनुरुप सेतुमारीमा बजार सञ्चालन गर्ने सोचले बजारको अवधारणा अघि बढाइएको भए पनि बजारले नियमितता नपाउँदा बजारस्थल बेवारिसे बन्न पुगेको दमक–१० पूर्ववडाध्यक्ष बोधराज न्यौपानेले बताउनुभयो । हरेक हप्ताको मङ्गलबार लाग्ने गरी बजारको सुरूआत गरेको भए पनि त्यस कार्यले निरन्तरता पाउन नसक्नु सिङ्गो १० नं वडाकै लागि दुर्भाग्य भएको उहाँको भनाइ छ । सेतुमारी बजारमा साप्ताहिक पशु हाटसमेत लाग्ने गरेको स्थानीयवासी बताउँछन् । सो स्थानमा बजार सञ्चालनका लागि स्थानीय दाताले नौ कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका थिए । विशेष कारण केही समयपछि बजार सञ्चालन आउन नसक्दा त्यसैको निरन्तरस्वरुप एक दशक लामो समय बितिसक्दा पनि अहिलेसम्म यस स्थानमा पुनः बजार लाग्न सकिरहेको छैन । सेतुमारी बजार सञ्चालनमा आउँदा खुसी बनेका यस क्षेत्रका सर्वसाधारणको त्यो खुसी बजार बन्द भएसँगै अहिले निराशामा परिणत भएको छ ।

स्थानीयस्तरमा नै बजार सञ्चालनमा आउला र गाउँघरमा उत्पादित कृषि उपजले सहज बजार पाउला भन्ने आशा गरेका थियौँ तर व्यवहारमा सो कुरा हुन नसक्नु दुःखद् भएको जग्गादाता मध्येका देवेन्द्र श्रेष्ठले गुनासो गर्नुहुन्छ । "हामीले आज बजारको अवस्था यस्तो होला भन्नेसम्मको कल्पना पनि गरेका थिएनौँ तर दुर्भाग्य नै भन्नुपर्छ आज सेतुमारी बजारको अतित्वनै नामेटजस्तै हुँदैछ", उहाँले दुःखेसो पोख्नुभयो ।

यहाँका श्रेष्ठ परिवारले बजार सञ्चालनका लागि निःशुल्क लाखौँ मूल्यको जग्गा उपलब्ध गराएका थियौँ, तर सम्बन्धित सरोकारवाला र सथानीयवासीले चासो र चिन्ता नराखिदिँदा बजारमा निर्माण भएका लाखौँ मूल्यका पसल कवल पनि प्रयोगविहीन बनिरहँदा राज्यकोषको लाखौँ बजेट दुरुपयोगजस्तै बनेको उहाँले गुनासो गर्नुभयो ।रासस

# बिचौलियाको 'सेटिङ्ग' तोड्ने प्रतिवद्धता

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल भारत खुला सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणसहित शान्ति सुरक्षाको विषय पहिलो प्राथमिकतामा राखेर काम गर्ने धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले प्रतिवद्धता व्यक्त गरेका छन् । मंगलवार पत्रकारहरुसँगको परिचयात्मक कार्यक्रममा बोल्दै उनले तस्करी गर्न बिचौलियाहरुले गरेको सेटिङ्ग पनि तोड्ने प्रष्ट पारे ।



'नेपाल सरकारको राजस्वमा गिरावट आएको कुराले पनि तस्करी भइरहेको संकेत गर्छ,'उनले भने,'यस प्रकारको गतिविधि नियन्त्रण भए अपराध कम हुनुको साथै राजस्वमा पनि वृद्धि हुन्छ । त्यसकारण यो मुद्दासहित शान्ति सुरक्षालाई प्राथमिकतामा राखेर काम गर्छु ।' कानून नबुझ्ने व्यक्तिहरु प्रायः अपराधमा संलग्न रहेको हुनाले जनचेतना फैलाउने कामलाई पनि तीव्रता दिइनु पर्ने उनले बताए । सीमामा सुरक्षा चेकजाँचमा कडाई गर्न प्रहरी सक्रीय राख्ने उनले स्पष्ट पारे ।

'प्रहरीले सीमामा नै अपराध गर्नेहरूलाई रोकिदिने हो भने अर्को अपराध हुनबाट जोगिन्छ,'उनले प्रष्ट पारे,'तस्करी नियन्त्रणलाई राजश्वसँग मात्र जोडेर हेर्नु हुँदैन, यो शान्ति सुरक्षासँग पनि जोडिएको विषय हो, अवैध रूपमा कमाएको पैसा अवैध तरिकाबाटै खर्च हुने गर्छ, अन्ततः यसले नै अपराध निम्त्याउँछ ।'

जनकपुरधाम नगर क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि आवश्यक निर्देशन दिइसकेको भन्दै उनले थप सुदृढ पार्न सबैको सहयोगमा काम गर्ने उल्लेख गरे ।

काज सरुवा भएर आएको दश दिनभित्रै रामानन्द चोकको ट्राफिक व्यवथापन चुस्त पारिएको बताउँदै उनले अस्पतालसहित मधेश प्रदेशको राजधानीको छाडा चौपाया र ट्राफिक व्यवस्थापनका लागि ठोस योजना बनाएर काम गर्नुपर्ने बताए ।

सबै क्षेत्रका अगुवासँग परामर्श गरिरहेको र उनीहरुको सुझाव अनुसार कार्य योजना बनाएर काम गर्ने जानकारी समेत उनले दिए । लागू औषधका ओसार-पोसार र खरिद बिक्री रोक्न सबैले आफ्नो दायित्व पूरा गर्नुपर्ने आवश्यक्ता रहेको उनले औल्याए ।

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सूरक्षा कार्यालय काठमाण्डुबाट जिल्ला प्रहरी कार्यालय धनुषामा काज सरुवा भई खड्का धनुषामा आएका हुन् । यसअघि धनुषाका प्रहरी प्रमुखमा वसन्त रजौरे थिए । यहाँ १४ महिना बसाईपछि उनी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा सरुवा भएका छन् ।

# जसपालाई दलको नेता चयन गर्न सकस

बाला खुद्दार

जनकपुरधाम । मधेश प्रदेश सरकारको पुनः नेतृत्व लिने दाबी गरिरहेको जनता समाजवादी पार्टी (जसपा)लाई दलका नेता चयन गर्न सकस भएको छ ।

पार्टी भित्रका दलका नेतामा आकांक्षी बढी देखिएपछि जसपाले अहिलेसम्म दलको नेता चयन गर्न सकेको छैन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन दिएको जसपाले मधेश प्रदेशका दलका नेता र संघीय सरकारमा सहभागी हुने वा नहुने विषयमा पार्टीभित्र गम्भीर छलफल भए पनि अहिलेसम्म कुनै निष्कर्ष निस्कन सकेको छैन ।

पार्टीले संघका दलका नेतामा रामसहाय यादवलाई सर्वसम्मतले चयन गरिएपनि प्रदेशमा आकांक्षीहरु बढी भएकोले अहिलेसम्म दलका नेताको चयन हुन नसकेको जसपाका साँसदहरुको भनाइ छ ।

दलका नेतामा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, निवर्तमान सभामुख सरोज कुमार यादव, प्रदेश सभामा दोस्रो पटक निर्वाचित रामअशिष यादव, सरोज कुमार सिंह कुशवाहा, समानुपातिक कोटामा निर्वाचित मनिष सुमन र राजकुमार गुप्ता रहेका छन् ।

पार्टी भित्र दलका नेताहरुमा आकांक्षी बढी देखिएपछि जसपाका केन्द्रीय सदस्य तथा जनकपुरधाम उपमहानगरपालिका पूर्व मेयर लालकिशोर साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समितिसमेत चयन गरेको छ । तर समितिले अहिलेसम्म दलका नेताको छनोटका लागि कुनै कार्य अगाडि बढाउन सकेको छैन ।

जसपाका एक नेताका अनुसार दलका नेता तोक्ने विषयमा यसपटक पार्टी अध्यक्ष उपेन्द्र यादव तटस्थ बसेकाले अहिलेसम्म दलको नेता तोक्न सएिको छैन । यसपटक अध्यक्ष यादवले चुनावी प्रक्रियामै दलको नेता टुंगो लागोस् भन्ने मनसायमा अहिलेसम्म रहेको स्रोतको दाबी छ ।

यसैबीच,प्रदेश सभामा जसपाको प्रत्यक्षमा ९ र समानुपातिक ७ गरी १६ सिट रहेको छ । सात दलीयमा सहभागी रहेको जसपाले मधेश प्रदेशमा सरकारको नेतृत्व पाउने प्रवल सम्भावना रहेको छ ।

संसदीय व्यवस्थामा दलका नेताको नेतृत्वमा सरकारमा जाने सम्भावना बढी हुने गरेको छ । यस्तो अवस्थामा जसपाका साँसदहरुको दलको नेताप्रति आकर्षण बढी देखिएको छ ।

जसपाका एक साँसदका अनुसार कतिपय साँसदले अहिले दलको नेतामा दाबी गरे पनि उनीहरुको दृष्टि भने मन्त्रीमा रहेको छ । 'अहिले दलका नेतामा दाबी गरे, त्यसपछि पार्टीले मन्त्री, त्यो पनि नभएर राज्यमन्त्री सम्म त अवश्यक दिन्छ भनेर दलका नेतामा दावी गरिरहेका छन, एक साँसदले भने,' अहिले नै बार्गेनिङ्ग गर्न पनि कतिपय साँसदले नेतामा दाबी गरेका छन् ।'

दलका नेतामा धेरै साँसदले दाबी गरिरहेका छन,उनले भने,' तर दुई/तीन जना बाहेकले दलको नेताको लागि प्रस्तावक र समर्थक पनि पाउदैनन् ।' मधेश प्रदेशमा दलका नेतामा आधि दर्जन साँसदहरु आकांक्षी रहे पनि वर्तमान मुख्यमन्त्री लालबाबु राउत र निवर्तमान प्रदेश सभामुख सरोज कुमार यादव मुख्य प्रतिस्पर्धी रहेका जसपाका साँसदहरु बताउँछन् ।

तत्कालीन राजपाबाट प्रदेश सभामुख बनेका सरोज कुमार यादव जसपा विभाजन भइ लोसपा छुट्टिएपछि उनी जसपामै बसे । यादवले पार्टी अध्यक्ष उपेन्द्र यादवले आफूलाई मुख्यमन्त्री बनाउने आश्वासन दिएपछि मात्रै जसपामा बसेको दावी गर्दै आएका छन् । तर यादवको दावीलाई जसपाकै साँसदहरुले खण्डन गर्दै आएका छन्ल । जसपामा बसेर यादवले आफ्नो सभामुखको पद जोगाएको जसपाका एक साँसदले बताए । जसपाका एक नेताका अनुसार केही दिन अघि यादवले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई आफूलाई दलको नेताको रुपमा चयन गर्न प्रस्ताव गरेका थिए । तर अध्यक्ष यादवले, यादवको सो प्रस्तावलाई अस्विकार गर्दै दलको नेताको निर्णय प्रदेशका संसदीय दलले गर्ने भनेर फर्काए । यादवको एक समर्थकले यस पटक अध्यक्ष यादवले निवर्तमान सभामुख यादवलाई संसदीय दलको नेता बनाउने दाबी गरे । 'जसपालाई यादवको पार्टी भनेर बदनाम गरिन्छ, उनले भने,' पद दिने बेलामा अन्य जातिले अवसर पाउने गर्छन,त्यसकारण यस पटक अध्यक्षजीले यादवलाई दलको नेता बनाउनेमा हामी ढुक्क छौ ।'

यता, मुख्यमन्त्री लालबाबु राउतका समर्थकहरुले पुनः दलका नेतामा राउत नै चयन हुने दाबी गर्दै आएका छन् । अन्य उम्मेदवारभन्दा राउत पार्टीका वरिष्ठ नेता रहेको र पछिल्लो पाँच वर्ष सफल रुपमा प्रदेश सरकार संचालन गरेकोले यस पटक पुनः दलको नेता हुने उनीहरुको भनाइ छ । मुख्यमन्त्री राउत पार्टीका कार्यकारिणी समिति र राजनीतिक समितिका सदस्य रहेका छन् । । यादव भने पार्टीका केन्द्रीय सदस्य छन् ।

मुख्यमन्त्री राउत निकट एक साँसदले भने,' सर्वसहमतिमा दोस्रो पटक उहाँ नै दलका नेतामा चयन हुने र त्यो सम्भव नभए, चुनावी प्रक्रियाबाट पनि उहाँ नै चुनिने हो ।' आफूहरुसंग ८० प्रतिशत साँसदको समर्थन रहेको उनले दाबी गरे ।

यता पूर्व सभामुख सरोज कुमार यादव पक्षधर साँसदहरुले राउत पूर्णतः असफल भइसकेकोले यादव नै दलका नेतामा चयन हुने ठोकुवा गरेका छन् ।

# माघ २ गते प्रदेशसभा बैठक

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशसभाको बैठक माघ पहिलो साता बस्ने भएको छ । पहिलो अधिवेशनको दोस्रो बैठक माघ २ गतेका लागि आह्वान गरिएको छ । पहिलो बैठक ज्येष्ठ सांसद गोविन्द बहादुर न्यौपानेलाई सभामुखको जिम्मेवारी दिइ गत सोमबार बसेको थियो । सभामुख पदको लागि यही पुस ३० गते मनोनयन दर्ता हुने मिति तोकिएको छ । माघ २ गते बस्ने बैठकमा उम्मेदवारको प्रस्तावलाई प्रदेशसभामा निर्णयार्थ पेश हुने प्रदेशसभाका सचिव रञ्जित यादवले जानकारी दिए ।



उनका अनुसार प्रदेशसभा सदस्यहरुले शपथ ग्रहण गरेको १५ दिनभित्र सभामुख र उपसभामुख चयन गर्नुपर्ने कानूनी प्रावधान छ । सभामुख चयन नभएकोले सप्तरी निर्वाचन क्षेत्र नम्बर ४ को 'क' बाट निर्वाचित ७१ वर्षीय ज्येष्ठ सदस्य न्यौपानेले प्रदेशसभाको अध्यक्षता गर्दै आएका छन् ।

सभामुख चयन हुनुभन्दा अगावै संसदमा प्रतिनिधित्व गर्ने पार्टीहरुले दलको नेता चयन गरिसकेका हुन्छन् । हाल सम्म नेपाली काँग्रेस र जनमत पार्टीले मात्रै दलको नेता चयन गरेका छन् । अन्य दलहरु नेता चयन गर्ने प्रक्रियामा छन् । दलको नेता चयन भएपछि सरकार गठनको प्रक्रिया पनि शुरु हुनेछ ।

# जेष्ठ नागरिकलाई सम्मान



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको गौशाला नगरपालिका -१२ कान्ति बजारमा जेष्ठ नागरिक एवम् एकल महिलालाई सम्मान गरिएको छ ।

वडा नम्बर १२को वार्ड कार्यालयको आयोजना एवम् कान्तिबजार कृषि सहकारी संस्था लिमिटेडको संयोजनमा मंगलवार आयोजित जेष्ठ नागरिक तथा एकल महिला सम्मान कार्यक्रममा २१० जनालाई दोसल्ला ओढाएर सम्मान गरिएको छ भने चिसो छल्न कम्बल पनि वितरण गरिएको छ । गौशालानगरपालिकाका मेयर डा.दीपेन्द्र महतो तथा वडाअध्यक्ष कुशेश्वर सिंह लगायतका व्यक्तित्वहरुले १ सय १७ जना जेष्ठ नागरिक र ९३ जना एकल महिला गरी दुई सय १० जनालाई दोसल्ला ओढाई कम्बल प्रदान गरेर सम्मान गरेका थिए ।

वार्ड कार्यालयको नियमित बजेटबाट सो सामग्रीहरु वितरण गरिएको जनाइएको छ । कार्यक्रममा सर्वसाधारण,लक्षित वर्ग एवम् नपाका भद्र भलादमीहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

# दलितहरुको विच्चली

टुडे समाचारदाता

जनकपुरधाम । चिसो बढ्दै गएपछि जनकपुरधाम उपमहानगरपालिका-२४ बसहिया स्थित दलित वस्तीका वासिन्दाहरु विच्चलीमा परेका छन् । चिसो हावा र शीतलहरबाट जोगिन चाहिने न्यानो कपडाको अभावमा सो वस्तीका ८५ घर धुरी नराम्ररी प्रभावित छन् ।



आर्थिक,सामाजिक रुपमा अत्यन्त पिछडिएका मुसहर समुदायका बालबालिकादेखि बृद्ध-वृद्धाहरु चिसोका कारण विचल्लीमा परेका हुन् । पाँच सय भन्दा बढी व्यक्तिहरुको बसोवास भएको सो वस्तीमा आगो ताप्ने व्यवस्था पनि हुन सकेको छैन ।

दैनिक ज्यालादारीमा काम गरेर दुई छाक टार्ने अधिकाँश व्यक्ति चिसोकै कारण काम नपाएर ठूलै समस्यामा समेत परेको गुनासो फगुनी माझीले गरे । उनले भने,'यस वस्तीमा रहेका करिब-करिब सबै परिवारका अभिभावक दैनिक ज्यालादारीमै निर्भर छन् र अहिले चिसोको मौसममा काम पाउनै छाडेको छ खान लाउन समेत ऋण लिनु पर्ने बेला न्यानो कपडाको कुरै भएन ।'

न्यानो कपडाकै अभावमा सो वस्तीका दर्जनौ बालबालिकाहरु विद्यालय जानबाट समेत वञ्चित बनेका छन् । चिसो छल्न आगो ताप्ने व्यवस्था गर्न समेत कुनै निकायले चासो नलिँदा सो वस्तीका वासिन्दाहरुले चिन्ता प्रकट गरेका छन् । पानोदेवी माझी भन्छिन्,'भोट लिने बेला जत्ति खेर पनि घर घरमा पुगेर हाल खबर सोध्ने नेताहरु समस्या परेको बेला बेपत्ता छन् ।' विपद् व्यवस्थापन अर्न्तगत स्थानीय तहकै सरकारले गर्नुपर्ने दायित्व समेत पूरा गरेको देखिएको छैन ।

सरकारले अहिले न्यानो कपडा र कम्बलको व्यवस्था यथाशिघ्र गर्नुपर्ने माग शैलोदेवी माझीले गरिन् । उनले भनिन्,' हामीलाई चिसो छल्न आगो ताप्ने व्यवस्था समेत छैन हामी ठूलो समस्यामा छौं तर कोही कतैबाट हामीलाई सहयोग गर्न आएका छैनन्।'

प्रतिकूल मौसमकै लागि सरकारले विपद् व्यवस्थापन कार्यक्रम ल्याएकोले सोको सदुपयोग गरी यस प्रकारको समस्या यथाशीघ्र समाधान गर्नुपर्ने तथा गैरसरकारी संघ संस्थाहरुले पनि राहत वितरणको काम गर्नुपर्ने अहिलेको आवश्यक्ता रहेको छ । तर अहिले सम्म न त कुनै सरकारी निकायबाटै कुनै राहत बाँडिएको छ न त गैरसरकारी संस्थाबाट नै कुनै सहयोग भएको छ ।

यता जउनपा-२४का वडाअध्यक्ष उपेन्द्र सहनीले विपद् व्यवस्थापनको निमित्त वार्ड कार्यालयमा कुनै बजेट नै नरहेको बताए । उनले भने,'यसबारे मैले चासो लिएको छुँ ,जउनपामा मंगलवार सम्पन्न विपद् व्यवस्थापन समितिको बैठकमा समेत यसबारे कुरो उठाएको थिएँ तर बजेट नै नरहेकोले हामीले केही गर्न सकेका छैनौ ।'

# चिसोको कारण विद्यालयमा विदा

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको पाँच वटा स्थानीय तहले विद्यालयमा विदा दिएको छ । धनुषासहित देशमा चिसो बढ्दै गएपछि विद्यालयमा तीन दिनको लागि विदा दिइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका, मुखियापट्टी मुसरनिया गाउँपालिका, मिथिला बिहारी,लक्ष्मिनियाँ र सबैला नगरपालिकामा मौसमको प्रतिकूलतालाई दृष्टिगत गरी विदा दिइएको जिल्ला शिक्षा सम्नवय इकाई कार्यालय धनुषाले जानकारी दिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाले मंगलबारदेखि विहीवार सम्मको लागि विदा दिएको हो ।

उपमहानगरपालिकाले विपद् व्यवस्थापन समितिको निर्णय अनुसार संस्थागत र सामुदायिक विद्यालयमा विदा दिने निर्णय गरेको छ । यी तीन दिनको विदा जाडो विदाबाट कट्टा हुने गरी व्यवस्था मिलाइने शिक्षा युवा तथा खेलकुद महाशाखाका वरिष्ठ उपसचिव मेही लाल यादवले जनाएका छन् ।

चिसोले विद्यार्थीको स्वास्थ्यमा असर पर्नसक्ने हुनाले विदा दिइएको हो । सबैला र मिथिला बिहारी नगरपालिकाले मंगलबारदेखि आगामी शुक्रबार सम्मको लागि विदा दिएको छ भने लक्ष्मिनियाँ गाउँपालिकाले बुधवारदेखि शनिवार सम्मको लागि विदा दिएको जनाइएको छ ।

यस्तै केही दिनयता बढ्दो शीतलहर तथा चिसोलाई मध्यनजर गरी सिरहा नगरपालिकाले आजदेखि तीन दिन नगर क्षेत्रका विद्यालयमा विदा दिएको छ ।

बाक्लो हुस्सु र शीतलहरका कारण जनजीवन प्रभावित हुन थालेपछि चिसो छल्न वर्षे विदामा कटौती हुने गरी नगरपालिकाले बुधवारदेखि शुक्रवारसम्म नगर क्षेत्रका सामुदायिक, संस्थागत, धार्मिक विद्यालयमा विदा दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले जानकारी दिए ।

सिरहाको नवराजपुर गाँउपालिकाले अत्याधिक चिसो बढ्न गएको हुनाले विद्यालयमा अध्ययनरत विद्यार्थीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै मंगलवारदेखि अर्को आदेश नहुञ्जेलसम्मका लागि गाउँपालिकाभित्रका सामुदायिक विद्यालय बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत राजकिशोर साहले जानकारी दिए ।

चिसोका कारण विद्यालयमा अध्ययन, अध्यापन गर्न कठिनाइ भइरहेकाले विद्यालयमा विदा दिने निर्णय भएको उनले बताए । बिहानैदेखि लाग्ने बाक्लो हुस्सु र तुसारो परेर अत्याधिक चिसो बढ्न थालेपछि जिल्लाको जनजीवन कष्टकर बनेको छ । चिसो बढेपछि सर्वसाधारण बजार, चोक चौराहामा कम देखिएका छन् । चिसोका कारण रुघाखोकी, ज्वरो, झाडापखालालगायतका स्वास्थ्य समस्या बढ्दै गएको छ ।

यसैबीच चिसो बढ्दै गएपछि सुरक्षाकर्मीले र स्थानीयतहले जिल्लाका विभिन्न स्थानमा आगो बाल्न दाउरा वितरण गरेको छ ।

# कृषि सहकारीमा लागेको ताल्चा खोलियो

रञ्जन यादव

सिमरा । बाराको सिमरा स्थित साना किसान कृषि सहकारी संस्था सिमरामा लगाइएको ताल्चा खोलिएको छ । साना किसान कृषि सहकारी संस्था सिमरा शाखामा जीतपुरसिमरा उपमहानगरपालिका-२ का वडाध्यक्ष धनबहादुर श्रेष्ठको रोहबरमा संस्थामा लागेको ताल्चा खोलिएको छ । संस्थामा ताल्चा लाग्दा शेयर सदस्यहरुलाई नै समस्या भोग्नुपरेको अवस्थालाई मध्यनजर गर्दै ताल्चा खोलिएको साना किसान कृषि सहकारी संस्थामा आवद्ध महिला सदस्यहरुले जनाएका छन् । ताल्चा खुलेपछि संस्थाको कामकाज पुनः सुचारु भएको छ ।



महिलाहरुले डुमरवाना संस्थामा लगाएको ताल्चा पनि खुलाउन लगाएका छन् ।साना किसान कृषि सहकारी संस्था डुमरवाना केन्द्रले आयोजना गरेको २६ औं साधारण सभामा प्रतिवेदनमाथि छलफल नगरी सञ्चालकहरुद्धारा संस्थाबाट नियम विपरीत लिइएका सेवा भत्ता, संस्थाको नाममा तिर्नुपर्ने रकमको नोक्सानीको भार साना किसानी शेयर सदस्यमा नपार्न अनुरोध गर्दैमहिलाहरुले आइतवार संस्थामा तालाबन्दी गरेका थिए । संस्थामा करिब ९ हजार शेयर सदस्यहरु रहेका छन् ।

# शव फेला

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरी जिल्लाको औरही नगरपालिका-७ भोइलमा एक जना पुरुषको शव फेला परेको छ । शव ५४ वर्षीय ईन्द्रदेव झाको भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । भोइलमा रहेको ईंट्टा भठ्ठा नजिकै पोखरीका डिलमा बनेको फुसको छानो नजिक उनको शव फेला परेको छ ।



शवको आँखा ,मुख गरी शरीरको विभिन्न भागमा चोटपटक लागेको देखिएको छ । शवलाई परीक्षणको लागि जिल्ला अस्पताल जलेश्वर पठाइएको छ र शव परीक्षण पछि मात्रै केही भन्न सकिने जिप्रका महोत्तरीका प्रमुख कृष्ण पंगेनीले बताए । यता स्थानीयवासीहरुले उनको हत्या गरेर फालेको हुन सक्ने आशंका गरेका छन् ।

# छतबाट खसेर एकको मृत्यु

टुडे समाचारदाता

राजविराज। सप्तरीको राजविराजमा छतबाट खसेर एक युवकको मृत्यु भएको छ । नास्ता पसल संचालन गर्दै आएका व्यापारी प्रभु प्रसाद साहको छोरा मुकेशको आफ्नै निजी निवासकै दोश्रो तल्लाबाट खसेर मंगलवार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

४० वर्षीय मुकेश मंगलबार बिहान ६ बजेतिर राजविराज-४ स्थित आफ्नै निवास स्थलको दोश्रो तल्लाबाट अचानक तल खसेका थिए ।

निवासको भुँई तल्लामा रहेको उनको प्रभु नास्ता पसलमा ग्राहक आएको भन्दै होटलका कामदारले तल आउनुस भनेपछि माथिबाट निहुरिएर हेर्न खोज्दा अचानक उनी तल खसेको प्रत्यक्षदर्शी छिमेकी प्रदीप साहले बताए ।

प्रहरीले दोश्रो तल्लाबाट निहुरिएर हेर्ने क्रममा शारीरिक सन्तुलन नमिल्दा दुर्घटना भएको कुरा आएपनि यस बारे थप अनुसन्धान भइरहेको बताएको छ । दोश्रो तल्लाबाट खसेर गम्भीर घाईते भएका उनलाई तत्कालै उपचारका लागि छिन्नमस्ता अस्पताल पुऱ्याइएको थियो । दुबै खुट्टा तथा ढाडको करङ्ग भाँचेको उनको उपचारकै क्रममा मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

# शीतलहरले जनजीवन कष्टकर

टुडे समाचारदाता

सप्तरी । शीतलहरका कारण मध्यतराईका जिल्लाहरूको जनजीवन कष्टकर बनेको छ । एक साता यता चिसो हावा चल्ने, बाक्लो हुस्सु लाग्ने, घाम नलागेका कारण अत्याधिक चिसो बढेको हो । शीतलहरसँगै अत्याधिक चिसो बढेपछि सर्वसाधारणलाई घरबाट निस्किन समेत समस्या भएको छ ।

स्थानीय रमेश यादवका अनुसार सार्वजनिक ठाउँ, बजार, सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राही घटेका छन् भने विद्यालय, कलेजमा विद्यार्थीको उपस्थिति न्यून छ । शीतलहरकै कारण कतिपय विद्यालयमा विदा दिईएको छ ।

बाक्लो कुहिरो र शीतलहरका कारण सवारीसाधनको संख्या पनि ह्वात्तै घटेको छ । चलेको सवारीसाधनमा पनि यात्रुको संख्या न्यून नै देखिएको छ । चिसो बढेपछि मजदुरहरूले मजदुरी गर्न नसकेको राजविराज-२ की गुल्सन खातुनले गुनासो पोखिन् । विपन्न परिवारमा न्यानो लुगाको अभावमा जाडोले कठ्यांग्रिएर बस्न बाध्य हुनुपरेको अवस्था छ । शीतलहरबाट सबैभन्दा बढी जोखिममा विपन्न गरिब परिवार पर्ने भएकाले त्यसलाई लक्षित गरी पूर्वतयारीमा जोड दिएको सरकारले बताउँदै आए पनि व्यवहारिक कार्यान्वयन भने शून्य छ ।

# बन्ध्याकरण गर्दा पिसाबको थैली कट्यो

रञ्जन यादव

सिमरा । बाराको सिमरामा भएको परिवार नियोजन बन्ध्याकरण शिविरमा एक जना महिलाको पिसाबको थैली कटेको छ । स्वास्थ्य कार्यालय बाराको आयोजना र सुनौलो परिवार नियोजनको सहकार्यमा सिमरा स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भएको बन्ध्याकरण शिविरमा बन्ध्याकरण गर्दा महिलाको पिसाब थैली कटेको छ। जितपुरसिमरा उपमहानगरपालिका-.८की २६ वर्षीय अनिता धनुकाईनको पिसाब थैली काटिएको छ ।




परिवार नियोजन बन्ध्याकरण गर्ने क्रममा त्रुटिबस पिसाब थैली काटिन गएको चिकित्सकले बताएका छन् । उनको उपचार वीरगञ्ज स्थित गण्डक अस्पतालमा भइरहेको महिलाका श्रीमान कृष्णा महतोले बताए । शिविरमा ९२ जना महिलाको बन्ध्याकरण गरिएको थियो सो मध्ये धनुकाईनको मात्र स्वास्थ्यमा समस्या देखिएको छ । महिलाको उपचारमा लाग्ने सम्पूर्ण खर्च सुनौलो परिवार नियोजनले व्योहोर्ने जनाएको छ । अरु बन्ध्याकरण गराएका व्यक्तिहरुको अवस्था सकुशल रहेको जितपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ । गत पुस १५ गते देखि १७ गतेसम्म तीन दिन सिमरामा परिवार नियोजन बन्ध्याकरण शिविर सञ्चालन भएको थियो । बाराको १६ वटै स्थानीय तहमा यो शिविर सञ्चालन हुने स्वास्थ्य कार्यालय बाराले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८